जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १२२ • २०८३ साल आश्विन ३ गते शनिबार (19 September, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## जानकी मन्दिर संरक्षित क्षेत्र घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारले पूर्व स्वीकृति अनुसार जनकपुरधामस्थित प्रसिद्ध रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार मन्त्रिपरिषद्को निर्णयअनुसार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिएको हो ।

मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाका अनुसार चार किल्ला निर्धारण गरी मन्दिर आसपासको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिएको हो । सरकारले यससम्बन्धी सूचना राजपत्रमा समेत बिहीवार प्रकाशन गरेको छ ।

निर्धारित चार किल्लाअनुसार पूर्वतर्फ जनकपुरको भानु चोक, कदम चोक, जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालय हुँदै दक्षिणतर्फ गएको सडक तथा परिक्रमा पथलाई समेटिएको छ ।

पश्चिमतर्फ भमरपुरा चोक हुँदै याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुप, हनुमान मन्दिर हुँदै उत्तरतर्फ गएको परिक्रमा पथको सडकलाई सीमा निर्धारण गरिएको छ ।

त्यस्तै, उत्तरतर्फ हनुमान मन्दिर, पिडारी चोकस्थित राजा जनक स्मारक हुँदै मधेस प्रदेश भवन, मिल्स एरिया र भानु चोकसम्मको परिक्रमा पथको सडकलाई समेटिएको छ । दक्षिणतर्फ भने जनकपुरधामको मुरली चोकस्थित विद्यापति स्मारक हुँदै भमरापुरा चोकसम्म गएको परिक्रमा पथको सडकलाई सीमा तोकिएको छ ।

वि.सं. २०६६ सालतिरै पुरातत्व विभागले जनकपुरधामसहित धनुषा जिल्लाका विभिन्न धार्मिक सम्पदाहरुलाई संरक्षित क्षेत्र भनेर तोकेको थियो । रामजानकी मन्दिर भनिने जानकी मन्दिरलाई संरक्षित क्षेत्र घोषणा गरिएपछि जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत हुने बाटो अब सहज भएको छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने लक्ष्यअनुसार संरक्षित स्मारक क्षेत्र घोषणा गरिएको मन्त्रालयले जनाएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने प्रक्रियाका लागि सम्पदाको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित मापदण्ड पूरा गर्नुपर्ने भएकाले सरकारले यस्तो निर्णय गरेको हो । सरकारले चालु आर्थिक वर्षको बजेटमा समेत जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषय पनि समेटेको छ ।

### कांग्रेसको वडा अधिवेशन आजदेखि

## मधेशका धनुषासहित विभिन्न स्थानमा आइतवार निर्वाचन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको गगन थापा समूहको १५औं महाधिवेशन अन्तर्गत वडा अधिवेशन शनिबारदेखि सुरु हुँदैछ । प्रारम्भिक चरणको निर्वाचनका लागि पार्टीले सम्पूर्ण तयारी पूरा गरेको जनाइएको छ ।

वडा अधिवेशनका लागि अधिकाँश क्षेत्रमा मतदाता नामावली पुगिसकेको छ भने तराई मधेशका लगायतका केही निर्वाचन क्षेत्रमा बाँकी रहेको छ ।

केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालका अनुसार वडा अधिवेशनका लागि निर्वाचन अधिकृतहरू सम्बन्धित जिल्ला र वडामा पुगिसकेका छन् भने अधिकांश निर्वाचन क्षेत्रमा मतदाता नामावलीसमेत पठाइएको छ ।

"हाम्रा निर्वाचन अधिकृतहरू सबै जिल्ला र वडामा पुगिसक्नुभएको अवस्था छ । अहिलेसम्म १ सय ५० निर्वाचन क्षेत्रमा मतदाता नामावली पनि पुगिसकेको छ । बाँकी १५ वटा क्षेत्रमा मतदाता नामावली पठाउन बाँकी छ," उनले भने, "क्रियाशील सदस्यताको विषयमा सामान्य प्राविधिक समस्या भए पनि शुक्रवार बेलुकासम्म पुगिसक्छ ।"

देशका ६ हजार ७ सय ४३ वडामा कांग्रेसको अधिवेशन हुँदैछ । ती वडामा अधिवेशन सञ्चालनका लागि आवश्यक निर्वाचन अधिकृत खटाइसकिएको कटुवालले जानकारी दिएका छन् । उनका अनुसार १ सय ६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ३ सय ३० प्रदेशसभा निर्वाचन क्षेत्रका लागि समेत निर्वाचन अधिकृत तोक्ने काम पूरा भइसकेको छ ।




उनका अनुसार मधेश धेरै स्थानमा असोज ४ गते नै वडा अधिवेशन गर्ने तयारी छ । भौगोलिक अवस्था र स्थानीय सहजतालाई ध्यानमा राखेर सम्बन्धित निर्वाचन अधिकृतले अधिवेशनको मिति र समय निर्धारण गर्ने कांग्रेसको तयारी छ ।

यता धनुषाको निर्वाचन क्षेत्र नम्बर ४ को मतदाता नामावली आएको छैन । निर्वाचन क्षेत्र नम्बर १, २ र ३ को नामावली आएपनि शनिवार निर्वाचन हुने सम्भावना देखिदैन । छलफलपछि टुँगो लगाइने बताइएको छ ।

कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले भने धनुषा जिल्लाको क्षेत्र नम्बर ४ का मतदाता नामावली आएको छैन, १, २ र ३ को नामावली आएपनि शनिवार निर्वाचन हुने सम्भावना देखिदैन । साथीहरु छलफलमा लागेका छन् । रातिसम्म कुनै निष्कर्ष निस्के भने शनिवार हुन्छ नभए आइतवार धनुषाका सबै निर्वाचन क्षेत्रमा एकैसाथ निर्वाचन हुनेछ ।

श्रोतका अनुसार निर्वाचन क्षेत्र नम्बर ४ को जनकपुरधामको वडा नम्बर १९ र लक्ष्मिनियाको सपहीमा सदस्यता विवाद रहेकाले नयाँ नामावली नपठाइएको हो । श्रोतले भने यी दुवै वडामा पहिलादेखि क्रियाशील सदस्यता मध्ये केही थपिएपछि विवाद श्रृजना भएको हो ।

उता गगन थापा समूहको हुन लागेको महाधिवेशनमा देउवा समूहका नेता कार्यकर्ताहरु सहभागी नहुने जनाइएको छ । देउवा समूहले असोज १५ गते वडा अधिवेशनका मिति तय गरेका हुन् । देउवा पक्षधरले मंसिर २१ गतेदेखि छुट्टै महाविधेशनको कार्यतालिका तय गरेका छन् ।

वडा अधिवेशनसँगै कांग्रेसको १५औं महाधिवेशनको निर्वाचन प्रक्रिया औपचारिक रूपमा अघि बढ्नेछ । महाधिवेशन अन्तर्गत वडा तहबाट प्रतिनिधि चयन हुँदै क्रमशः पालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश तहका अधिवेशन सम्पन्न हुनेछन् ।

अधिवेशनमा वडा क्षेत्र भित्रका क्रियाशील सदस्यहरू वडा अधिवेशनका सदस्य हुने छन् । वडा अधिवेशनले सभापति, एक महिलासहित दुई उपसभापति, एक सचिव एक र एक सह-सचिव निर्वाचित गर्नेछ ।

कांग्रेसको विधानअनुसार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका अन्तर्गतका वडाबाट निर्वाचित हुने वडा सभापतिले निर्वाचित वडा कार्यसमितिबाट कोषाध्यक्ष मनोनीत गर्न पाउँछन् ।

गाउँपालिका वडा अधिवेशनबाट कम्तीमा दुई महिला, एक दलित र ३० वर्ष मुनिको एक युवासहित सात जनालाई वडा सदस्यमा निर्वाचित हुने छन् । कांग्रेस विधानमा नगर-उपमहानगरपालिका वडा अधिवेशनले भने दुई महिला, एक दलित र ३० वर्ष मुनिका दुई युवासहित आठ जनालाई वडा सदस्यमा निर्वाचित गर्नुपर्ने हुन्छ । यस्तै, महानगरपालिकाको वडा अधिवेशनबाट कम्तीमा तीन महिला, एक दलित र ३० वर्ष मुनिका तीन युवासहित ११ जना वडा सदस्यमा प्रत्यक्ष निर्वाचित हुन्छन् ।

## प्रेम सम्बन्धले निम्त्याएको विभत्स हत्या : विवेकको शव ९ टुक्रा

**टुडे समाचारदाता**

जनकपुरधाम । आफ्नो पुरानो प्रेम प्रसँगले यस्ता क्रुर मृत्यु दिन्छ भन्ने महोत्तरीको भंगहा नगरपालिका-६ का २४ वर्षीय विवेक सरदारले कहिले पनि सोचेका थिएन, कसैले यस्तो कल्पना पनि गर्दैनन् ।

तर गत २६ भदौमा महोत्तरी बलवा नगरपालिका-७ बनौटामा विवेकको हत्या मात्र होइन हो, शरीरको ९/९ टुक्रा पारी शौचालयको सेफ्टी ट्याँकमा फकियाएको थियो । गत भदौ १६ गतेदेखि बेपता रहेका विवेकको शव विभत्स अवस्थामा बनौटाको अशोक ठाकुरको शौचालयको सेफ्टी ट्यांकीमा फेला पर्‍यो ।



प्रहरीको प्रारम्भिक अनुसन्धानबाट अशोकको परिवारले नै विवेकको हत्या गरी शव सेफ्टीट्यांकीमा लुकाएको खुलेको छ । विवेक र आफ्नी बुहारी सोनु ठाकुरबीच प्रेम सम्बन्ध रहेको थाहा पाएपछि अशोकको परिवारले घरमै बोलाएर विवेकको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट पत्ता लागेको हो ।

विवेक र सोनु ठाकुरबीच पहिलेदेखि नै प्रेम सम्बन्ध थियो । यो कुरा थाहा पाएपछि वैदेशिक रोजगारीमा रहेका सोनुका श्रीमान् जितेन्द्र ठाकुरलाई उनको परिवारले नेपाल झिकायो ।

जितेन्द्र गुपचुप रूपमा वैदेशिक रोजागरीबाट फर्केर योजनाबद्ध रूपमा फोन गरी घरमै बोलाएर विवेकको हत्या गरिएको अनुसन्धानमा पाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर विश्वम्भरनाथ साहले बताए । उनका अनुसार विवेकको शवलाई ९ टुक्रा पारी सेफ्टी ट्यांकीभित्र हालेर प्लास्टर गरिएको थियो ।

घटनामा संलग्न रहेको आरोपमा बलवा नगरपालिका-७ का अशोककुमार ठाकुर, उनकी श्रीमती ५० वर्षीया रामकलीदेवी ठाकुर, बुहारी जितेन्द्रकी श्रीमती २२ वर्षीया सोनुकुमारी ठाकुर र ज्वाइँ महोत्तरी गाउँपालिका-५ का २८ वर्षीय सियाराम शर्मालाई प्रहरीले पक्राउ गरेको छ ।

### यसरी भयो हत्या ?

रक्षाबन्धनमा आएकी आफ्नी दिदीलाई भदौ १३ गते जलेश्वर नगरपालिका-११ पिगौस्थित घर पुऱ्याउन विवेक १४ गते साँझ मोटरसाइकलमा गएका थिए । राति त्यहीं बसेका उनी दिदीको घरबाट बिहान साढे ११ बजेतिर आफ्नो घरतर्फ हिँडेका थिए ।

तर, घर नपुगेपछि विवेकका परिवारले भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा हुलियासहित निवेदन दिए । त्यसपछि विवेकको खोजबिन सुरु भयो ।

वडा कार्यालयको सीसीटीभी फुटेज, मोबाइल लोकेसन विश्लेषण, प्राविधिक अनुसन्धान लगायतका माध्यमबाट प्रहरीले निरन्तर खोजी गर्‍यो । अनुसन्धानमा संलग्न अधिकृत साहका अनुसार अन्ततः यहींबाट हराएको र यतै कतै हुनसक्ने निष्कर्ष निकालियो ।

अशोक ठाकुरलाई शंकाको आधारमा प्रहरीले सुधपुछ र केरकार गर्न थाल्यो । तर उनले आफूलाई कुनै जानकारी नभएको दाबी गरे । अशोकले आफ्नो छोरा जितेन्द्र विदेशबाट आएको कुरा लुकाइरहेका थिए । तर भदौ २६ गते इन्स्पेक्टर साह विवेकको हत्या गरी घरमै लुकाएको हुनसक्ने आशंकामा घरमा पुगेर खोजी गर्न थाले । त्यस क्रममा छोरा जितेन्द्र विदेशबाट आएको केही प्रमाण फेला परे ।

'सोनुका श्रीमान् विदेशबाट आएको कुरा नै लुकाइएको थियो । तर घर खानतलासी गर्दा नयाँ समान देखियो । त्यसपछि उनी घर आएको र केही घटना गरेको निष्कर्षमा हामी पुग्यौं,' सूचना अधिकारी इन्स्पेक्टर साहले भने ।


त्यसपछि प्रहरी विवेकको हत्या भइसकेको निष्कर्षमा पुग्यो । घरमा खोजतलासको क्रममा शौचालयको सेफ्टी ट्यांकीको एक छेउमा नयाँ प्लास्टर गरेको देखियो । यतै लाश लुकाएको हुनसक्ने आशंकामा प्रहरीले प्लास्टर फोड्न सुरु गरेपछि अशोकले हत्या गरेको स्वीकार गरेको प्रहरीको भनाइ छ । अनुसन्धानमा संलग्न अधिकारीका अनुसार शवलाई ९ टुक्रा पारिएको थियो । घाँटी, दुवै हात, दुवै खुट्टा काटिएको थियो । तिघ्रादेखि खुट्टासम्मको भागलाई दुई-दुई टुक्रा पारिएको थियो । त्यसबेलै प्रहरीले अशोकसहित परिवारका तीन जनालाई पक्राउ गऱ्यो । छोरा जितेन्द्र फरार नै छन् ।

'हत्यापछि शवलाई टुक्राटुक्रा पारी सेफ्टी ट्यांकीमा राखिएको थियो । जितेन्द्र फरार छन् । खोजी गर्दै छौं,' इन्स्पेक्टर साहले भने ।

विवेक र सोनु ठाकुरबीच बिहे अघिदेखि नै प्रेम सम्बन्ध थियो । विवेक र सोनुको माइती एउटै वडा भंगहा नगरपालिका-६ हो । विवेकको घर बिर्जौना टोल र सोनुको माइती संग्रामपुर हो । फरक टोलका दुवै जनाबीच प्रेम सम्बन्ध थियो । सोनुको बिहे ८ वर्षअघि नै भए पनि विवेकसँग हिमचिम भइरहयो ।

१५ गते बुहारी सोनुलाई विवेकलाई फोन गरी बोलाउन लगाइएको, मध्याह्न १२ बजेतिर आएका विवेकलाई बुबाछोरा मिलेर घाँटी थिचेर हत्या गरेको र त्यसपछि फुर्सा (दाउ) ले शवलाई ९ टुक्रा गरी सेफ्टी ट्यांकीमा लुकाइएको उनीहरूले बयान दिएका छन् । प्रहरीले दाउ पनि बरामद गरेको छ ।

विवेकको मोटरसाइकल अझैसम्म फेला परेको छैन । जितेन्द्रले श्रीमतीसँग परपुरुषको सम्बन्ध रहेको थाहा पाइसकेपछि उतैबाट योजना बनाएर विवेकको हत्या गर्न गोप्य रूपमा विदेशबाट आएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । विवेकको गत फागुनमा बिहे भएको थियो । उता सोनु कुमारीका दुई सन्तान छन् ।

# फरार १० प्रतिवादी पक्राउ




टुडे समाचारदाता

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका १० जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएका उनीहरूलाई खोजतलास गर्ने क्रममा शुक्रबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ पर्नेहरूविरुद्ध लुटपिट, सवारी ज्यान, कुटपिट, भ्रष्टाचार र लागुऔषधसम्बन्धी मुद्दामा अदालतबाट फैसला भइसकेको प्रहरीले जनाएको छ। फैसला कार्यान्वयनका क्रममा प्रहरी कार्यालय तथा मातहतका इकाइबाट खटिएको टोलीले उनीहरूलाई खोजी गरी पक्राउ गरेको हो।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये एक जनालाई लुटपिट मुद्दामा २ सय ५ रुपैयाँ ५० पैसा जरिवाना तोकिएको थियो । यस्तै, सवारी ज्यान मुद्दामा एक जनालाई १५ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तथा कुटपिट मुद्दाका तीन जनालाई जनही २ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो।

त्यसैगरी भ्रष्टाचार मुद्दामा एक जनालाई ५० हजार रुपैयाँ जरिवाना तोकिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। लागुऔषधसम्बन्धी मुद्दामा पक्राउ परेका चार जनामध्ये एक जनालाई १ महिना १५ दिन कैद, दुई जनालाई २-२ महिना कैद र १-१ हजार रुपैयाँ जरिवाना तथा अर्का एक जनालाई २ महिना १४ दिन कैद र १ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो।

प्रहरीले अदालतबाट सजाय तोकिएपछि वारदातपश्चात फरार रहेका प्रतिवादीहरूको खोजतलास तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ। पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

धनुषा प्रहरीका प्रवक्ता डिएसपी ओमप्रकाश खनालका अनुसार अदालतबाट फैसला भई कैद तथा जरिवाना सजाय तोकिएका फरार प्रतिवादीहरूको खोजी तथा पक्राउ गरी फैसला कार्यान्वयनमा सहयोग गर्ने कार्यलाई प्रहरीले निरन्तरता दिइरहेको छ।

प्रहरीले फरार प्रतिवादीहरूको खोजतलासका लागि मातहतका प्रहरी इकाइलाई परिचालन गर्नुका साथै आवश्यक समन्वयमार्फत पक्राउ अभियान सञ्चालन गर्दै आएको जनाएको छ।

## संविधान प्राप्तिको ११ वर्षः

# सीमान्तकृत समुदायको पहुँच बढ्यो

सुदिप राउत/रासस

भद्रपुर । झापाको भद्रपुर नगरपालिका-७ का ७३ वर्षीय राजवंशी समुदायका अगुवा फूलसिंह राजवंशीलाई संविधान जारी भएपछि आफ्नो समुदायमा केही सकारात्मक परिवर्तन भएको महसुस हुन्छ । राज्यका विभिन्न तहमा आफ्नै समुदायका मानिस जनप्रतिनिधिका रूपमा पुग्नु र आफ्ना कुरा राख्ने अवसर बढ्नु उहाँका लागि महत्त्वपूर्ण परिवर्तन हो।


शिक्षा, रोजगारी र आर्थिक अवस्थालाई हेर्दा संविधानले दिएको अधिकार अझै पूर्ण रूपमा समुदायका घरघरमा पुग्न नसकेको उहाँको अनुभव छ । "पहिले हाम्रो कुरा सुन्ने मान्छे कम थिए । अहिले स्थानीय सरकारमा आफ्नै समुदायका मानिस प्रतिनिधि छन्, आफ्ना कुरा राख्न पाएका छौँ", उहाँले भन्नुभयो, "तर हाम्रा छोराछोरीको शिक्षा, रोजगारी र आर्थिक अवस्था हेर्दा संविधानले दिएको अधिकार अझै घरघरमा पुगेको छैन।"

संविधान जारी भएको ११ वर्ष पूरा हुँदै गर्दा झापाका राजवंशी, सन्थाल, मेचेलगायतका सीमान्तकृत समुदायका अगुवाले राज्यका निकायमा प्रतिनिधित्व र पहुँच बढेको अनुभव गरे पनि शिक्षा, रोजगारी तथा भाषा-संस्कृति संरक्षणका क्षेत्रमा अझै अपेक्षित परिवर्तन हुन बाँकी रहेको बताएका छन्।

नेपालको संविधानले सामाजिक न्याय, समानुपातिक, समावेशीकरण तथा भाषिक र सांस्कृतिक अधिकारलाई संवैधानिक आधार दिएको छ । सङ्घीय संरचनाअन्तर्गत स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्र कानुन निर्माण तथा सेवा प्रवाह गर्ने अधिकार दिइएको छ।

राजवंशी समाज विकास समितिका संस्थापक अध्यक्षसमेत रहनुभएका फूलसिंह संविधानले मातृभाषा, मौलिक अधिकार, सामाजिक न्याय र समावेशी प्रतिनिधित्वका लागि महत्त्वपूर्ण आधार तयार गरेको बताउनुहुन्छ । संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा अझै कमी रहेको उहाँको भनाइ छ।

"संविधानले सबै मातृभाषालाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिएको छ। पर्याप्त मौलिक अधिकार दिएको छ र विभिन्न संवैधानिक आयोगको व्यवस्था गरेको छ", उहाँले भन्नुभयो, "समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरेको छ। तर सरकारले यसको अक्षरशः पालना गर्न सकेको छैन। हामी आफैँ पनि संविधानले दिएका अधिकार कार्यान्वयन गराउने निकायलाई झक्झक्याउन पर्याप्त रूपमा एकजुट हुनसकेका छैनौँ।"




नेपाल सन्थाल आदिवासी उत्थान सङ्घ झापाका अध्यक्ष लखन हेमरमले संविधानपछि स्थानीय सरकारबाट प्रदान हुने सेवा र कार्यक्रममा आफ्नो समुदायको पहुँच पहिलेको तुलनामा बढेको अनुभव गर्नुभएको छ । "पहिले सरकारी कार्यालयमा जाने, आफ्नो कुरा राख्ने अवस्था थिएन", उहाँले भन्नुभयो, "अहिले गाउँमै सरकार छ, कार्यक्रम आउँछन्, हामी पनि सहभागी हुन पाएका छौँ।"

सन्थाल समुदायका युवाको रोजगारी र शिक्षालाई लिएर उहाँको पनि मुख्य चिन्ता छ। आफ्नै मातृभाषामा पठनपाठनको पर्याप्त व्यवस्था नहुनु तथा सीप र रोजगारीका कार्यक्रम समुदायका बस्तीमा पुग्न नसक्नु चुनौती रहेको उहाँ बताउनुहुन्छ।

"हाम्रा युवाले पढेर पनि काम पाउने अवस्था छैन। हाम्रो आफ्नै भाषामा पठनपाठनको व्यवस्था हुनसकेको छैन", उहाँले भन्नुभयो, "भाषा र संस्कृतिको संरक्षण गर्ने संवैधानिक प्रतिबद्धता भए पनि स्थानीय तथा प्रदेश सरकारले सोहीअनुसार नीति र कार्यक्रम अघि बढाउन नसक्दा हाम्रो संस्कृति लोप भएर जाने हो कि भन्ने चिन्ता छ।"

हल्दीबारी गाउँपालिका-३ का मेचे समुदायका अगुवा ६० वर्षीय सुरेन मेचे संविधानपछि आफ्नो समुदायले पहिचान र अधिकारका विषयमा खुलेर बोल्न सक्ने वातावरण बनेको बताउनुहुन्छ। उहाँका अनुसार राज्यबाट प्राप्त केही लक्षित कार्यक्रमले समुदायमा सकारात्मक प्रभाव पारेको छ। "संविधानले हाम्रो पहिचान र अधिकारको कुरा गरेको छ, त्यो सकारात्मक हो", उहाँले भन्नुभयो, "हाम्रो भाषा नयाँ पुस्ताले बोल्न छाड्दै गएको छ। संस्कृति संरक्षणका लागि स्थानीय सरकारले अझै धेरै काम गर्नुपर्छ।"

राज्यबाट मेचे समुदायका लागि उपलब्ध हुँदै आएको प्रोत्साहन तथा सहयोग, निःशुल्क पठनपाठनको व्यवस्था र समुदायबाट निर्वाचित जनप्रतिनिधिको उपस्थितिलाई उहाँले उपलब्धिका रूपमा लिनुभएको छ । "भत्ताको व्यवस्था छ, निःशुल्क पठनपाठनको व्यवस्था छ, आफ्नै समुदायका जनप्रतिनिधि छन् । यसलाई ठूलो उपलब्धि मान्नुपर्छ", उहाँले भन्नुभयो।

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिमा आदिवासी समुदायको सहभागिता बढ्नु संविधानपछि देखिएको महत्त्वपूर्ण परिवर्तनमध्ये एक भएको राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष कमलप्रसाद राजवंशी बताउनुहुन्छ । गौरीगञ्ज गाउँपालिका-६ निवासी राजवंशीका अनुसार विगतमा राज्यका निकायमा आफ्नो समुदायको प्रतिनिधित्व खोज्नुपर्ने अवस्था थियो । अहिले स्थानीय तहका निर्णय प्रक्रियामा आफूहरूको समुदायका प्रतिनिधि पुग्ने अवस्था बनेको छ।

"प्रतिनिधित्व हुनुमात्रै पर्याप्त रहेनछ", उहाँले भन्नुभयो, "प्रतिनिधित्वसँगै शिक्षा, रोजगारी र आर्थिक अवसर पनि चाहिन्छ।" उहाँका अनुसार गौरीगन्ज गाउँपालिकाका तीनवटा आधारभूत विद्यालयमा विगत तीन महिनादेखि राजवंशी भाषामा स्थानीय पाठ्यपुस्तक निर्माण गरी नियमित पठनपाठन भइरहेको छ। "यो सबै संविधानको देन हो", उहाँले भन्नुभयो।

गौरीगन्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी संविधानपछि देखिएको महत्त्वपूर्ण परिवर्तनमध्ये स्थानीय तहको नेतृत्व र निर्णय प्रक्रियामा सीमान्तकृत समुदायको सहभागिता बढ्नु हो । उहाँ स्वयं राजवंशी समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधि भएकाले समुदायका समस्या र आवश्यकतालाई स्थानीय नीति तथा कार्यक्रममार्फत सम्बोधन गर्नुपर्ने जिम्मेवारी रहेको बताउनुहुन्छ।

"संविधानले अधिकार र प्रतिनिधित्वको बाटो खोलेको छ। सोहीअनुरूप निर्वाचित भएपछि लक्षित वर्ग समुदायको आवश्यकता पहिचान गरी नीति तथा कार्यक्रम बनाउँदै आएका छौँ", उहाँले भन्नुभयो, "शिक्षा, मातृभाषा तथा संस्कृति संरक्षण, सीप विकास र रोजगारीका अवसर सृजना गर्न स्थानीय तहबाट गर्न सकिने कामलाई प्राथमिकतामा राखेका छौँ।"

सन्थाल समुदायका युवा मङ्गलका लागि पनि संविधानको महत्त्वपूर्ण उपलब्धि आफ्नो समुदायले अधिकारका विषयमा बोल्न र प्रश्न गर्न सक्ने वातावरण बन्नु हो । "पहिले अधिकार के हो भन्ने धेरैलाई थाहा थिएन", उहाँले भन्नुभयो, "अहिले हाम्रा युवाले आफ्नो अधिकारका बारेमा प्रश्न गर्न थालेका छन्। यो परिवर्तन हो।"

संविधानले सुनिश्चित गरेको अधिकार र त्यसको वास्तविक कार्यान्वयनबीच अझै दूरी रहेको उहाँको अनुभव छ । "कागजमा अधिकार लेखिएको छ । अब त्यो अधिकार हाम्रो बस्तीमा वास्तविक रूपमा अनुभूति हुनेगरी देखिनुपर्छ", उहाँले भन्नुभयो।

साहित्यकार तथा नागरिक अगुवा देवेन्द्रकिशोर ढुङ्गानाका अनुसार संविधानले सीमान्तकृत समुदायलाई अधिकार र राज्यका निकायमा सहभागिताको आधार दिए पनि अबको चुनौती ती अधिकारलाई संस्थागत गर्दै दीर्घकालीन सामाजिक परिवर्तनमा रूपान्तरण गर्नु हो।

"संविधानले बाटो देखाएको छ, त्यसलाई व्यवहारमा अघि बढाउने जिम्मेवारी राज्यका सबै तह र स्वयं समुदायको पनि हो", उहाँले भन्नुभयो, "अधिकारको जानकारी, अवसरमा समान पहुँच र आफ्नो पहिचानप्रतिको आत्मविश्वास बढ्दै गएमात्र संविधानले परिकल्पना गरेको समावेशी समाजको आधार बलियो हुन्छ।" रासस

# बर्दिबासमा एन्टी स्नेक भेनम उपलब्ध नभएपछि...

महोत्तरी । बर्दिबासमा सञ्चालित सर्पदंश उपचार केन्द्र एन्टी स्नेक भेनमको अभावमा सेवा दिन नसक्ने अवस्थामा पुगेको छ । मधेस र पहाडका आठ जिल्लाका सर्पदंशका बिरामीको उपचार गर्दै आएको सर्पदंश उपचार केन्द्र बर्दिबास-३ गौरीडाँडाले एन्टी स्नेक भेनमको अभावमा सेवा बन्द गर्नुपरेको जनाएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को प्रारम्भदेखि नै विषालु सर्पको टोकाइको उपचारमा प्रयोग हुने उक्त भेनमको अभाव हुँदै आएको केन्द्रले जनाएको छ। उपचार सेवालाई निरन्तरता दिन प्रयत्न गरिए पनि भेनम पाउन नसकेपछि बाध्य भएर सूचना टाँस गर्नुपरेको केन्द्रका अध्यक्ष कृष्णप्रसाद देवकोटा बताउनुहुन्छ।

"हामीले औषधिका लागि प्रदेश र सङ्घीय सरकारका सम्बद्ध निकायमा निकै धायौँ, तर भेनम पाउन सकिएन", देवकोटा भन्नुहुन्छ, "यस्तो अवस्थामा सेवा दिन नसकिने भएपछि बाध्य भएर सूचना टाँस गरेका हौँ।" केन्द्रले बुधबार साँझदेखि सेवा दिन नसकिने व्यहोराको सूचना टाँस गरेको छ।




विसं २०७१ साउन ३१ गतेदेखि सर्पदंशको उपचार गर्न थालेको केन्द्रले हालसम्म ३३ हजारलाई सेवा दिएर ज्यान बचाएको छ । मधेसका महोत्तरी, धनुषा र सर्लाही, कोशीका उदयपुर र ओखलढुङ्गा तथा बागमती प्रदेशका सिन्धुली र रामेछापसम्मका सर्पदंशका बिरामीले यहाँबाट उपचार सेवा लिँदै आएको विवरण छ। त्यसबाहेक दोलखा, रौतहट र सिरहाका बिरामी पनि समयसमयमा उपचार लिन यहाँ आउने गरेका थिए।

बर्दिबास आफैँ सर्पको बिगबिगी भएको स्थानका रूपमा परिचित छ । पछिल्लो दुई महिनायता भेनम पाउनै कठिन भएपछि केन्द्रमा उपचार लिन आउनेलाई सेवा दिन नसक्दा ग्लानी भएको देवकोटा बताउनुहुन्छ।

आफ्नो ठाउँमा स्थापित भइसकेको केन्द्रबाट उपचार दिन नसक्ने सूचना पढेपछि वरपरका बासिन्दा अब अप्ठ्यारा दिन आउने आशङ्काले चिन्तित छन् । "सरकारले औषधिको व्यवस्था गरिदिनुपर्छ", बर्दिबास-३ गौरीडाँडाकै बासिन्दा गीता खतिवडा भन्नुहुन्छ, "नभए त उपचार नपाएरै मर्ने अवस्था आउने भयो ।" तीनै तहका सरकार यो समस्याप्रति गम्भीर हुनपर्ने बर्दिबासका सामाजिक सङ्संस्था र नागरिक समाजका प्रतिनिधिको धारणा छ।

"ठूलै समस्या देखिएको छ, एन्टी स्नेक भेनमको व्यवस्थापनमा सम्बद्ध पक्ष लाग्नुपर्‍यो", अन्तर सङ्घसंस्था समन्वय सञ्जाल बर्दिबासका संयोजक रामकुमार कार्की भन्नुहुन्छ, "यसका लागि पहिलो पहलकदमी स्थानीय तहको नेतृत्वले लिनपर्छ ।" भेनमको अभावले तत्काल उपचार गर्न नसकिए पनि औषधि उपलब्ध हुनासाथ सेवा सञ्चालन गरिने केन्द्रले जनाएको छ । सो केन्द्रमा नेपाली सेनाका दक्ष प्राविधिकले उपचार सेवा दिँदै आएका छन्। रासस

# पाकिस्तानी राजदूत खानद्वारा रासस परिवारप्रति सहानुभूति प्रकट

काठमाण्डु । नेपालका लागि पाकिस्तानका राजदूत मोहम्मद आमिर खानले राष्ट्रिय समाचार समिति (रासस) परिवारसहित बाढी प्रभावित पत्रकार कालिका खड्कालाई भेटी सहानुभूति प्रकट गर्नुभएको छ।

शुक्रबार भद्रकालीस्थित राससको केन्द्रीय कार्यालय आउनुभइ राजदूत खानले राससकर्मी खड्काका श्रीमान् एवं पत्रकार टेकराज थामी भोटेकोशी बाढीमा बेपत्ता हुनुभएका प्रति दुःख व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बाढीबाट नेपाल, रासस र पत्रकार खड्काको परिवार पीडामा रहेको छ, यस विषम परिस्थितिमा धैर्य, संयमता अपनाउन आग्रह गर्दछु।"

पत्रकार थामी बेपत्ता भएकाप्रति राजदूत खानले दुःख प्रकट गर्नुभयो । उहाँले खड्काको पारिवारिक स्थितिबारे जानकारी लिँदै आवश्यक सहयोग गर्न तत्पर रहेको बताउनुभयो । सो क्रममा राजदूत खानले नेपाल र पाकिस्तानबीचको ऐतिहासिक एवं पारिवारिक सम्बन्ध रहँदै आएको बताउँदै शैक्षिक क्षेत्रमा समेत सम्बन्ध प्रगाढ रहेको सुनाउनुभयो।



पाकिस्तानमा नेपालका धेरै युवाले छात्रवृत्ति पाउँदै आएको जानकारी दिँदै राजदूत खानले खड्काको छोरीलाई शैक्षिक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "म नेपाली परिवारको सदस्य हुँ जस्तै लाग्छ", राजदूत खानले खड्काप्रति सहानुभति प्रकट गर्दै भन्नुभयो, "आवश्यकता परेको खण्डमा तपाईंको छोरीको शिक्षामा सहयोग गर्छौं।"

**रासस कार्यालय अवलोकन**

सो क्रममा राजदूत खानले रासस सङ्ग्रालय अवलोकन गर्दै पत्रकारिताको क्षेत्रमा राससको योगदान अतुलनीय रहेको बताउनुभयो।

नेपाल र पाकिस्तानबीच सांस्कृतिक सम्पदाका क्षेत्रमा पनि गहिरो अन्तरसम्बन्ध रहेको बताउँदै उहाँले रासससँग सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो।

राजदूत खानले जलवायु न्यायका सम्बन्धमा नेपालको पक्षमा उभिएर विश्व समुदायमा पाकिस्तानले सहयोग एवं सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सन्दीप राईले पाकिस्तानसँगको समन्वयमा संस्थागत सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो । उहाँले एसोसिएटेड प्रेस अफ पाकिस्तान (एपिपी) र राससबीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो।

राससका प्रधानसम्पादक उत्तम सिल्वालले नेपाल र पाकिस्तानको सहकार्यमा समाचार समितिको भूमिका अझै प्रगाढ बनाउन सकिने बताउनुभयो।

राससका प्रमुख समाचारदाता एकराज पाठकले वर्तमान अवस्थामा जलवायु परिवर्तनको कारण नेपालले भोग्नुपरेको समस्याबारे जानकारी दिँदै आगामी दिनमा पाकिस्तानाका सञ्चार माध्यम र राससबीच गर्न सकिने सहकार्यबारे जानकारी गराउनुभयो। रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दाजुभाईसंग गरेको कारोबारले तपाई लाई फायदा हुनेछ। |
| वृष : | व्यापारमा गरेको लगानीबाट फाइदा मिल्नेछ। |
| मिथुन : | परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ। |
| कर्कट : | स्वदेशको भन्दा विदेशको रमझमले मन आकर्षित गर्नेछ। |
| सिंह : | लगानीका क्षेत्र सबल बन्नेछन्। |
| कन्या : | सञ्चित धन खर्च हुनेछ । व्यापार व्यवसायमा घाटा हुनेछ। |
| तुला : | तपाईको प्रतिभाको सम्मान हुनेछ। |
| वृश्चिक : | धनलक्ष्मीको योग परेको छ। सम्पत्तिको सदुपयोग गर्नुहोला। |
| धनु : | साथी भाइसंग रमाइलो भेटघाट हुनेछ। कार्यक्षेत्रमा तपाईको प्रशंसा हुनेछ। |
| मकर : | स्वास्थ्यले साथ दिए पनि सामाजिक र राजनीतिक क्षेत्रमा त्रास बढ्नेछ। |
| कुम्भ: | दैनिक काममा देखिएका समस्या समाधान हुँदै जानेछन्। |
| मीन: | मध्ये साढेसातीको दशा चलिरहेकाले सोचेका काम नबन्ने जोखिम छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# रास्वपाका वडासभापति साह पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले वीरगन्ज महानगर पालिकाको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वडासभपतिलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका वडा नम्बर २५ का वडासभापति प्रकाश साह रहेका छन ।

अभद्र व्यवहारसम्बन्धी मुद्दामा उनलाई बिहिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी चक्र मल्लले रातोपाटीलाई बताए । उनले वीरगन्ज भन्सारस्थित एकीकृत जाँच चौकी (आईसीपी) परिसरमा अर्का एकजनालाई हातपात गरेको आरोप छ ।

भदौ ३० मा वीरगन्ज भन्सारस्थित एकीकृत जाँच चौकी (आईसीपी) परिसरमा माछाको गाडी पास गराउने सन्दर्भमा दुई जनाको बिचमा झगडा भएको थियो । सो घटनाका पीडितको जाहेरीको आधारमा प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । उनलाई अहिले वडा प्रहरी कार्यालय श्रीपुरमा राखिएको छ ।

माछा व्यापारमा सिन्डिकेट खडा गर्ने नियतले एकीकृत जाँच चौकी परिसरमा झडप भएको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन् । उनी विरुद्ध ३० गते आईसीपी परिसरमा भएको झगडामा घाइते भएका मनिष गुप्ताले उनीविरुद्ध जाहेरी दिएका हुन् ।

# चिकित्सक कुटपिट घटनामा संघको आपति, दोषीलाई कारवाहीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाम मातहत सञ्चालित प्रादेशिक अस्पतालमा कार्यरत चिकित्सक डा. सरोज साहमाथि गरिएको संघातिक आक्रमणविरुद्ध नेपाल चिकित्सक संघले गम्भीर आपति जनाएको छ ।


संघले शुक्रबार विज्ञप्ति जारी गर्दै ड्युटीमा रहेका चिकित्सकमाथि बिरामीका आफन्तसहितको समूहबाट भएको आक्रमणलाई अमानवीय र निन्दनीय घटना भन्दै घोर भर्त्सना गरेको हो ।

चिकित्सक संघका आजीवन सदस्य समेत रहेका डा. साहमाथि भएको सांघातिक आक्रमणप्रति गम्भीर आपत्ति जनाउँदै दोषीमाथि कडा कारवाहीको माग गरेको छ । बिहीबार कार्यस्थलमै डा. साहमाथि आक्रमण भएको संघले जनाएको छ ।

स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि देशका विभिन्न स्थानमा पटकपटक आपराधिक घटना भइरहनुले उनीहरूको पेशागत सुरक्षा र आत्मसम्मानमा गम्भीर असर परेको संघको भनाइ छ । घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल कानुनी दायरामा ल्याई कारबाही गर्न संघले माग गरेको छ ।

साथै, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन, २०७९) बमोजिम दोषीमाथि कडा कारबाही गर्न सम्बन्धित निकायसँग आग्रह गरिएको छ ।

संघका अध्यक्ष डा. बद्री रिजाल र महासचिव डा. विश्वराज दवाडीद्वारा हस्ताक्षरित विज्ञप्तिमा स्वास्थ्य संस्थालाई सुरक्षित कार्यस्थलका रूपमा सुनिश्चित




गर्नसमेत सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.साहले बिहीवार प्रसूति सेवा लिन आएकी एक महिलाका आफन्तलाई केस जटिल भएकाले उनको शल्यक्रियामार्फत प्रसूति गराउनुपर्ने अवस्था देखिएकाले सम्भावित हुनसक्ने जोखिमका लागि स्वीकृतिमा हस्ताक्षर गर्न भनेपछि भएको विवाद क्रममा उनीमाथि आक्रमण गरिएको थियो ।

अस्पतालका सूचना अधिकारी डा. रामज्ञान यादवका अनुसार डा. साहलाई कुटपिट गर्ने दुई तीन युवा र दुई महिला थिए । 'पेसेन्टलाई सीएस गर्नुपर्ने थियो । हाईरिस्क कन्सेन्टमा साइन गर्नुपर्ने हुन्छ,' उनले भने, 'तर, बिरामीका आफन्तले हामी साइन गर्दैनौं भन्नुभयो । केही भए तपाईंले ग्यारेन्टी लिनुपर्छ भनेपछि विवाद हुँदा तिनीहरुले एक्कासी कुटपिट गर्न थालेको थियो ।'


अस्पतालको प्रोटोकलअनुसार शल्यक्रियाकोक्रममासम्भावितजोखिमहरूलाई ध्यान दिएर शल्यक्रिया गर्नुअघि बिरामीका आफन्तको हस्ताक्षर लिनु सामान्य रहेको उनले बताए । तर, सोही कुराको आग्रह गर्दा प्रसूति सेवा लिन आएका महिलाका आफन्तले चिकित्सकप्रति नराम्रो शब्द बोल्दै भिडियो बनाउन थालेपछि विवाद उत्पन्न भएको उनको भनाई छ ।

प्रहरीले घटनामा संलग्न भएको आरोपमा एक जनालाई पक्राउ गरिएको छ । घटना बारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी ओमप्रसाद खनालले जानकारी दिएका छन् । कुटपिटबाट चिकित्सक साहको अनुहार तथा शरीरको विभिन्न भागमा चोट लागेको छ ।

# जनमतको अध्यक्षमा राउत निर्विरोध, अन्य पदमा निर्वाचन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीको अध्यक्षमा डा. सीके राउत निर्विरोध निर्वाचित भएका छन् । पार्टीको दोस्रो महाधिवेशन अन्तर्गत बिहीबार भएको मनोनयन दर्तामा अध्यक्ष पदका लागि राउतको मात्रै उम्मेदवारी परेपछि उनी निर्विरोध निर्वाचित भएका हुन् ।



अध्यक्षमा प्रतिस्पर्धा नभए पनि जनमतका अन्य पदमा भने निर्वाचन हुने भएको छ । असोज ९ र १० गते वीरगञ्जमा हुने महाधिवेशनका लागि विभिन्न पदमा अपेक्षाभन्दा बढी उम्मेदवारी परेको छ ।

प्रारम्भिक उम्मेदवार सूचीअनुसार सात उपाध्यक्षका लागि १४ जनाले उम्मेदवारी दिएका छन् । उपाध्यक्षमा वसन्तकुमार कुशवाहा रौतहट, अनिता साह धनुषा, अनिता मण्डल सिरहा, डा. जयकान्त राउत सप्तरी, नरेन्द्रप्रसाद चौधरी कपिलवस्तु र माधवप्रसाद सिंह पर्साबाट उम्मेदवार बनेका छन् ।

त्यस्तै, राजकुमार यादव त्यागी सिरहा, डा. कमरुल्लाह अन्सारी बारा, सञ्जयकुमार मिश्र रुपन्देही, मदनेशकुमार चौधरी सप्तरी, परमेश्वर मुर्मु मोरङ, रोसन खातुन बारा, हरपाल सिंह सोडी बाँके र मनोहरी देवी वैठाले पनि उपाध्यक्षमा उम्मेदवारी दिएका छन् ।

जनमत पार्टी केन्द्रीय निर्वाचन समितिका सदस्यसचिव राजेशकुमार मण्डलका अनुसार एक जना निर्वाचित हुने महासचिव पदमा ममता झा सप्तरी, चन्दनकुमार सिंह महोत्तरी र सञ्जयकुमार यादव सिरहाले उम्मेदवारी दिएका छन् ।

त्यस्तै एक जना निर्वाचित हुने उपमहासचिव पदमा निर्मलकुमार मण्डल सिरहा र ललितचन्द्र मल्लिक रौतहटबाट उम्मेदवार बनेका छन् । सात जना निर्वाचित हुने सचिव पदमा भने १० जनाको उम्मेदवारी परेको छ । उम्मेदवारी दर्तासँगै अध्यक्षमा राउतको नेतृत्व सुनिश्चित भए पनि अन्य पदका लागि महाधिवेशन प्रतिनिधिले मतदान गर्ने भएका छन् ।

# संविधान दिवसको अवसरमा सरसफाई

**टुडे समाचारदाता**

जनकपुरधाम । संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ को अवसरमा मधेश प्रदेश सरकारको प्रशासनिक केन्द्र मधेश भवन परिसरमा एक बृहत् सरसफाइ अभियान सम्पन्न भएको छ ।

शुक्रवार बिहान मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रारम्भ भई मधेश भवन परिसर स्थित विभिन्न मन्त्रालयसम्म सञ्चालित उक्त अभियानमा प्रदेश सरकारका मन्त्रीहरू, सचिवहरू, विभिन्न सुरक्षा निकायका प्रमुखहरू तथा कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।



सरसफाइ अभियान मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरबाट सुरु भई मधेश भवनभित्र रहेका अन्य मन्त्रालयका परिसरहरूमा पुगेर सम्पन्न भएको थियो ।

कार्यक्रमलाई संक्षिप्त सम्बोधन गर्दै मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बृहत् सरसफाइ अभियानमा सक्रिय सहभागिता जनाएकोमा चारवटै सुरक्षा निकायप्रति विशेष आभार व्यक्त गरे ।

उनले सरकारी कार्यालय तथा मन्त्रालय परिसरको स्वच्छता कायम गर्नु सम्पूर्ण कर्मचारीको समेत उत्तिकै दायित्व भएको उल्लेख गर्दै सरसफाइलाई अभियानको रूपमा मात्र नभई नियमित व्यवहारका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए ।

त्यस्तै, सशस्त्र प्रहरी बल मधेश प्रदेशका सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले यस्ता सरसफाइ अभियानहरूलाई राष्ट्रिय दिवस वा विशेष अवसरमा मात्र सीमित नराखी निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

मधेश प्रदेश प्रहरी गण जनकपुरधामका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीले संविधान दिवसको अवसरमा आयोजित यस सरसफाइ अभियानमा सहभागी हुन पाउनु गर्वको विषय भएको बताउँदै समाजमा स्वच्छता कायम गर्न नियमित सरसफाइ अनिवार्य आवश्यकता रहेको बताए ।

सो बृहत् सरसफाइ अभियानमार्फत सहभागीहरूले स्वच्छ वातावरण, व्यवस्थित सार्वजनिक स्थल र जिम्मेवार नागरिक व्यवहार नै समुन्नत समाज निर्माणको आधार हुन् भन्ने महत्त्वपूर्ण सन्देश प्रवाह गरेका छन् ।

संविधान दिवसको यस किसिमको रचनात्मक कार्यक्रमले मधेश भवन परिसरलाई सफा, सुन्दर र व्यवस्थित बनाउनुका साथै नागरिकस्तरमा पनि स्वच्छताप्रतिको सचेतना फैलाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

अभियानमा मधेश प्रदेश सरकारका गृहमन्त्री फकिरा महतो, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री जवाहरलाल कुशवाहा, मुख्यमन्त्री कार्यालयका सचिवद्वय महेश बराल र पार्वती शर्मासहित विभिन्न मन्त्रालयका सचिवहरूको सक्रिय सहभागिता रहेको थियो ।

# बालिका बलात्कार आरोपमा किशोर पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पाँच वर्षीया बालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा बारा प्रहरीले १४ वर्षीय किशोरलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका-१ पथलैयाका १४ वर्षीय बालक रहेका छन् । पीडित बालिकाका अभिभावकले शुक्रबार बिहान प्रहरी कार्यालयमा पुगेर घटनाबारे जानकारी गराएपछि प्रहरी चौकी पथलैयाको टोलीले आरोपित बालकलाई घरबाटै पक्राउ गरेको हो ।

पक्राउ परेका बालकलाई इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा राखेर घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आरोपित बालकले घटनामा आफ्नो संलग्नता स्वीकार गरेको प्रारम्भिक जानकारी प्राप्त भएको छ ।

पीडित बालिका र आरोपित बालक दुवैलाई स्वास्थ्य परीक्षण तथा एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) सेवाका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको छ । स्वास्थ्य परीक्षणको रिपोर्ट प्राप्त भएपछि थप कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ । बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले पाँच वर्षीया बालिकामाथि जबरजस्ती करणीको आरोपमा एक बालक पक्राउ परेको पुष्टि गरेका छन् ।





यसअघि पनि सोही उमेरकी बालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले जीतपुर सिमरा उपमहानगरपालिका-१९ इनर्वासिराबाट बिहीबार राति ७५ वर्षीय हसन जान मियाँलाई पक्राउ गरेको थियो। मियाँलाई पनि इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा राखेर घटनाबारे अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको उनले जनाएको छ ।

# कमला पुलको निर्माण कार्य अन्तिम चरणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशको लाइफलाइन भनिएको हुलाकी राजमार्ग अन्तर्गत धनुषा-सिरहा जिल्ला जोड्ने कमला नदीको पुल निर्माण अन्तिम चरणमा पुगेको दाबी गरिएको छ ।

करिब १५ वर्षदेखि रुग्ण आयोजनाका रूपमा रहेको पुल अब दुई महिनाभित्र औपचारिक रूपमा सञ्चालनमा ल्याउने तयारी गरिएको पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।



मन्त्रालयका अनुसार निर्माण कम्पनी र बीमा कम्पनीबीचको कानुनी विवाद तथा पुलको पिलर भाँचिएपछि लामो समयदेखि रोकिएको निर्माण कार्य सरकारले मुख्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि अघि बढेको हो ।

नदीमा भाँचिएको १० नम्बर पिलर पुनर्निर्माणको काम सम्पन्न भइसकेको छ । सब-स्ट्रक्चरको ढलान, फाउन्डेसनसहित तीनवटा पिलरको सबलीकरण तथा पुलको लोड परीक्षणसमेत पूरा भएको छ । अब सुपर स्ट्रक्चरको स्ल्याबमाथि ढलान गर्ने काम मात्रै बाँकी रहेको मन्त्रालयले जनाएको छ ।

नदीमा पानीको सतह घटेपछि आगामी हप्ताबाट बाँकी ढलानको काम अघि बढाइनेछ । धनुषातर्फ पुलसम्म पुग्ने पहुँच सडकमा भरिएको माटो वर्षाको पानीले बगाएपछि क्षति पुगेको छ । पानीको सतह घटेपछि पुनः माटो भर्ने काम गरिनेछ भने सिराहातर्फको पहुँच सडकमा माटो भर्ने काम सम्पन्न भइसकेको छ ।

कमला पुलको निर्माणका लागि २०६८ सालमा पप्पु लुम्बिनी जेभीले ठेक्का पाएको थियो । २०७८ साल असारमा पुल उद्घाटनको तयारी भइरहेका बेला पिलर भाँचिएपछि आयोजना लामो समयदेखि रुग्ण अवस्थामा थियो ।

यसैबीच, मन्त्रालयले पुलसँगै कमला नदी नियन्त्रणको कामसमेत अघि बढाएको छ । नदी नियन्त्रणका लागि सरकारले २५ करोड रुपैयाँ बजेट सुनिश्चित गरेको छ । डिजाइन स्वीकृत गरी आह्वान गरिएको टेन्डरमा जेभीसहित १९ वटा निर्माण कम्पनी सहभागी भएका छन् । आगामी हप्तासम्म प्राविधिक मूल्याङ्कन सकेर आर्थिक प्रस्ताव खोल्ने तयारी मन्त्रालयको छ ।

# वीरगञ्ज भन्सारमा साढे २३ अर्ब राजश्व संकलन

**टुडे समाचारदाता**

वीरगन्ज । चालु आर्थिक वर्ष २०८३/०८४ को गत भदौ महिनामा वीरगञ्ज भन्सार कार्यालयले २३ अर्ब ४६ करोडभन्दा बढी राजस्व संकलन गरेको छ । भन्सार कार्यालयले सार्वजनिक गरेको भदौ ३१ गते सम्म एक महिनाको अवधिमा २३ अर्ब ४६ करोड १५ लाख रुपैंया संकलन गरेको हो ।

वीरगन्ज भन्सार कार्यालयको तथ्यांक अनुसार चालू आवको भदौ ३१ गतेसम्मको अवधिमा संकलन गरेको राजस्व लक्ष्यको ९९.७५ प्रतिशत हो ।

यो सँगै वार्षिक लक्ष्यको १४.५२% राजस्व असुल भइसकेको वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्ण प्रसाद मैनालीले जानकारी दिएका छन् । मूल्य र राजस्वका आधारमा बिस्कुट रु. १ अर्ब ७८ करोड, दलहनका विभिन्न प्रकार रु. १ अर्ब ४६ करोड, कपडा तथा लत्ताकपडा, औद्योगिक कच्चा पदार्थ र खाद्यान्न आयात राजस्व संकलमा योगदान दिने प्रमुख वस्तु रहेका छन् ।

आर्थिक वर्षको प्रारम्भिक महिनाहरूमा आयात तथा निर्यात व्यापारको अवस्थालाई विश्लेषण गर्दा भन्सार प्रशासनले आफ्नो लक्ष्यको नजिक पुग्ने गरी राजस्व असुलीलाई निरन्तरता दिइरहेको देखिएको छ ।

भदौ ३१ गते एक दिनमा मात्रै कूल ४४ करोड ७२ लाख ५० हजार राजस्व सङ्कलन भएको छ। उक्त दिन भन्सार कार्यालयलाई रु.५८ करोड २४ लाख दैनिक राजस्व सङ्कलनको लक्ष्य दिइएकोमा प्रगति ७६.७९ प्रतिशत रहेको छ ।

# तीनवटा घरमा छोरी, एक पेस्तोल बरामद

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिका-७ भिमडावरमा दिनदहाडै तीनवटा घरमा चोरी भएको छ । प्रहरीले घटनाको अनुसन्धान गर्ने क्रममा एक थान लोडेड कटुवा पेस्तोल बरामद गरेको छ ।

शुक्रबार बिहान करिब ९:३० बजे भिमडावरका दयाराम साहको एकतल्ले पक्की घरको पछाडिको ढोकाको आग्लो भाँचेर चोर घरभित्र प्रवेश गरेका थिए । घरबाट रेडमी, ओपो र रियलमीका तीन थान मोबाइल चोरी भएको प्रहरीले जनाएको छ ।

त्यस्तै सोही स्थानका मनोज साहको घरमा छतको ढोकाबाट प्रवेश गरी कोठाको आग्लो निकालेर दराजमा राखिएको पर्सबाट करिब ५ हजार रुपैयाँ चोरी भएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यले बताएका छन् ।

त्यसैगरी रामाज्ञा साहको घरमा पनि माथिल्लो ढोकाबाट प्रवेश गरी कोठामा रहेको टिनको बाकसभित्र राखिएको पर्सबाट ८ हजार रुपैयाँ नगद र एक थान भिभो मोबाइल चोरी भएको डीएसपी आचार्यले जानकारी दिएका छन् ।

तीनवटै घरमा चोरी भएको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय गरुडाबाट इन्स्पेक्टर उज्जवल



क्षेत्रीको कमाण्डमा प्रहरी टोली परिचालन गरिएको थियो । अनुसन्धानका क्रममा प्रहरीले दयाराम साहको खपडाको छानो भएको भुईंघरको बरण्डामा राखिएको खाटबाट एक थान लाइभ राउण्ड लोडेड कटुवा पेस्तोल फेला पारेको छ ।

प्रहरीले पेस्तोल बरामद गरी चोरी तथा हतियारसँग सम्बन्धित घटनाबारे थप अनुसन्धान अघि बढाएको छ । रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालले बेवारिसे अवस्थामा हतियार बरामद भएको पुष्टि गरेका छन्। उक्त घटनामा हालसम्म कोही पक्राउ नपरेको र हतियारका बारेमा थप अनुसन्धान भइरहेको उनले जानकारी दिएका छन् ।



# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरु

## ।। निष्ठुरी प्रकोप ।।

एक्कासि कुन मूल फुटी आयौ,
क्षणभरमै आएर ठूलै क्षति पुऱ्यायौ ।
उत्पन्न भई भोटेकोशी नदीमा तिमी,
देखाउन खोज्यौ आफ्नो क्रूर शक्ति ।।
यहाँ छाप्रो गुमी कयौँ व्यक्तिको,
रातको निद्रा र सपना हरायो ।
बस्ती मात्र बगाएनौ निष्ठुरी तिमीले,
कयौँको भविष्य अन्धकारमय बनायौ।।
घरजग्गा र करेसा त बगाइ छाड्यौ ,
पुर्ख्यौली चिनारी र ओत पनि भत्कायौ।
विद्यालय र अस्पताल मात्र बगाएनौ,
लाखौँ कोपिलाका सपनाहरू बगायौ।।
भएभरको संसार गुमाई ती कलिला,
कोपिलालाई रुँदै हिँड्ने बनायौ ।
सानै उमेरमा अलग गराई परिवारबाट ,
जिम्मेवारी सम्हाल्न बाध्य बनायौ ।।
खेलौना बोकी हिँड्नुपर्ने उमेरमा आज,
थपिदियौ तिमीले नै पीडाको भारी।
भुलेर आफ्नो उमेर र रहरलाई,
बाध्य बनायौ लिन भाइको जिम्मेवारी।।
सबै गुमाएर पनि हार मान्दैनन् यहाँ,
गर्छन् फेरि उठ्ने अदम्य साहस ।
सर्वस्व गुमाउँदा पनि सङ्घर्ष गर्ने,
यही त हो नेपालीको पहिचान खास ।।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग. चा.न.पा.१ (धनुषा)

## ।। चौरचन पावनि ।।

पुआ और पुरी खीर बनै छै
माय बहिन पुरी पुवा छनै छै
गमगम आँगन घर दलान करै छै
चौरचन पावनि के तैयारी करै छै
भाबिजी पिठारक चौका लगबै छै
काकी जी धुप अगरबती जलबै छै
आँगन मे दिया के इजोत बरै छै
माय जी पुरी,खिर फल फुल सब
लबै छै
दैया
गणेश चौथी के हाथ उठबै छै
माय बहिन काकी सब गणेश
चौथी के गीत गबै छै
बौवा राहुल रंजन निसा खुब
कनै छै जल्दी जल्दी चौरचन के
पुवा पुरी खीर फल फुल मिठाई
मगै छै
पुआ पुरी खीर बनै छै
माय बहिन पुरीपुआ छनै छै
गमगम आँगनघर दलान करै छै
चौरचन पावनिके तैयारी करै छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। म डुब्दैन ।।

तिमी डुबाउन चाहन्छौ म डुब्दैन
तिमी फसाउन चाहन्छौ म फसदैन
तिमी हराउन चाहन्छौ म हार मान्दैन
तिमी त झोले हो म बन्न सक्दैन।।१।।
तिमी अभियानी हैन, पेट पाल्न भिखारी हौ
तिमी देशी हैन, विदेशी गुलामी हौ
तिमी न यता न उता बिचको सिकारी हौ
तिमी त भ्रस्टचार को बखानी हो।।२।।
तिमीलाई के नाम देऊ? मुखले बोल्न मिल्दैन
तिमीलाई के उपहार देउ हातले दिन्न मान्दैन
तिमीलाई तिम्रो कहानी कानले सुन्ने मान्दैन
तिमीले गरेको काम त झनै आँखाले हेर्न मान्दैन।।३।।
तिमी त हिजो जन्मेको भ्यागुतो पो छौं
तिमी त बिना नामको पछाडी थर जोडे छौं
तिमी त त्यही गली को पागल कुकुर छौं
जो मासु दिएन त्यसकै पछि भुक्ने थाल्छौ।।४।।



लेखक : उज्ज्वल झा
शिक्षा : मास्टर डिग्री सुरुवात हने
स्थायी ठेगाना : महोत्तरी गा.पा .२

## ।। ंविधान दिवस ।।

संविधान बनेको दस वर्ष भयो,
संशोधनको बहस मात्रै भयो।
समानुपातिक समावेशी आशा पलायो,
अधिकारको सपना आँखामा सजायो।
धारा र अनुसूची कागजमै रह्यो,
अधिकारको चर्चा भाषणमै बह्यो।
संघ, प्रदेश र स्थानीय तह,
आफ्नै कार्यक्षेत्रमा रहेनन् सहज।
सेवाग्राही सेवा लिन जाँदा,
कामै नभई फर्किनुपर्दा।
ठूलो बलिदान दिएर ल्याएको संविधान,
किताबका पानामै सीमित भयो विधान।
जनताको आशा, अधिकार र चाहना,
कहिले पूरा होला संविधानको भावना?



रिषिकेश यादव

## ।। गजल ।।

प्रशंसा गर या तिरस्कार गर, फरक पर्दैन
अब जस्तोसुकै व्यवहार गर, फरक पर्दैन
पत्थर दिलमा माया खोज्नु मेरो भूल थियो
जति सक्छौ अब प्रहार गर, फरक पर्दैन
यो मन मरिसकेको छ चोट खाँदाखाँदै
यहाँपिठ्युँ पछाडि जति वार गर, फरक पर्दैन
तिम्रो झुटो मायाको अब आस छैन
मलाईजति नै झुटो प्रेमको इजहार गर, फरक पर्दैन
टुटिसकेको मनलाई के नै डराउनु छ र
अति गर अत्याचार गर, फरक पर्दैन'
प्रयास' आफ्नै स्वाभिमान लिएर बाँच्छ
अब स्वीकार गर या फेरि इन्कार गर,
फरक पर्दैन त पर्दैन



लेखक :- बिरेन्द्र कुमार चौधरी
ठेगान:- हरिहरपुर

## मुक्तक

भेडाके भिरसे खुदके बँचाके राखु।
मुस्कानसे मुखडा सजाके राखु,
कडवा साँच जे बाजैछी आहाँ
हौँसला अकेले जिबाके राखु।।



मुकेश कु. पुर्बे
(बरियरपट्टी-०३, सिरहा )

# मलाई स्टार बन्न हतार छैन : सोनाल लामा




काठमाण्डु । कोराना महामारीभन्दा अगाडि नै निर्माण भएको फिल्म हो, 'माया बस्छ कि के हो !' नेपालदेखि स्वीजरल्याण्डसम्म छायांकन भएको फिल्म टिमभित्रको असमझदारीका कारण ७ वर्षसम्म 'हार्ड डिस्क'मै थन्किएर बस्यो । अब भने असोज २ गतेबाट फिल्म प्रदर्शनमा आउँदैछ । यो फिल्मबाट सोनाल लामा र कस्मता निरौलाले डेब्यू गरेका छन् ।

कस्मता अमेरिका भएकाले यतिबेला फिल्मको प्रचारमा सोनाल एक्लै छन् । ७ वर्षअघि ठूलो सपना देखेर काम गरेको फिल्म प्रदर्शनको संघारमा हुँदा आफूमा डर र उत्साह दुवै रहेको उनी बताउँछन् । हालै पत्रकार भेटघाटमा उनले भने, 'यो मेरो पहिलो फिल्म हो । आफूले सक्ने मेहनत त गरेको छु । तर, दर्शकले कस्तो प्रतिक्रिया दिनुहुन्छ भन्ने कुराले मनमा उत्साह र डर दुवै छ ।'

'माया बस्छ कि के हो !'पछि सोनालले एक दर्जन बढी म्यूजिक भिडियोमा अभिनय गरिसकेका छन् । तर, त्यसबाट उनी सन्तुष्ट छैनन् । यसैले अब फिल्ममै अगाडि बढ्ने उनको योजना छ । उनी भन्छन्, 'म नेपाली फिल्म इन्डस्ट्रीकै लागि बनेको हुँ जस्तो लाग्छ। मलाई यो इन्डस्ट्रीको एकदमै माया लाग्छ। यसैले अब आफूलाई निखार्दै राम्रा फिल्ममा काम गर्नेछु।'


उनी आफूलाई स्टार बन्न हतार नभएको पनि बताउँछन् । भन्छन्, ' मलाई स्टार बन्न हतार छैन । राम्रो कलाकार भएर लामो यात्रा गर्न मन छ। त्यसका लागि मेहनत पनि गरिरहेको छु। 'माया बस्छ कि के हो !'मा भएका कमीकमजोरी सुधार गरेर अगाडि बढ्नेछु।'

उनले आफू सौगात मल्ल र अनमोल केसीबाट प्रभावित रहेको पनि बताएका छन्।

राजु अधिकारीको निर्देशनमा बनेको यस फिल्ममा सोनाल र कस्मतासहित नरेन्द्र थापा, उपेन्द्र थापा, हरिकृष्ण कार्की, बेनी ढुंगाना, सब्बु पौडेल, तारा शर्मा, तेजेन्द्र कँडेल, ऋचा थापा, खिन्नबहादुर भण्डारी, करुणा थापा, जेपी पाण्डे, रामजी राउतलगायतका कलाकार हरूको अभिनय रहेको छ। फिल्ममा शरद अधिकारी प्रस्तुतकर्ता तथा बहादुर सिंह तामाङ निर्मातामा छन्।

# दशैंमै आउने भयो 'कबड्डी ५', यस्तो छ फर्स्टलुक

काठमाण्डु । नेपालमा सर्वाधिक सफल मानिएको फ्रेन्चाइज फिल्म 'कबड्डी'को पाँचौँ श्रृंखला दशैं विदामा प्रदर्शन हुने भएको छ । शुक्रबार निर्माता कम्पनी बाँसुरी फिल्म्सले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै कात्तिक ६ गते (२३ अक्टोबर) लाई प्रदर्शन मिति तय गरेको हो । यो मिति दशैंको टीकाको पर्सिपल्ट अर्थात् द्वादशीमा पर्छ । योसँगै दशैं रिलिजको समीकरण थप रोचक बनेको छ।




दशैंमा यसअघि नै तीन फिल्म 'छ माया छपक्कै २', '१२ गाउँ २' र 'आ बाट आमा २' प्रदर्शन हुने तय भइसकेको छ । यी फिल्म फूलपातीको अघिल्लो दिन अर्थात् असोज ३० गतेबाट प्रदर्शनमा आउने तयारीमा छन् । यसको एक सातापछि 'कबड्डी ५' आउने भएपछि अब दशैंको बक्स अफिस भिडन्त निर्माताका लागि जुँगाको लडाइँ बन्ने देखिन्छ। 'कबड्डी ५'को पोस्टरमा फिल्मका तीन मुख्य पात्र काजी (दयाहाङ राई), बिके (विजय बराल) र छन्त्याल (बुद्धि तामाङ) चारित्रिक भेषमा प्रस्तुत भएका छन् ।

दयाहाङ हातमा क्रिकेट ब्याट समातेर सोचमग्न अवस्थामा देखिएका छन् । विजय र बुद्धिको हाउभाउ भने फरक छ । यसले तीन घनिष्ट साथीको कथालाई फिल्मले रोचक शैलीमा प्रस्तुत गर्ने संकेत दिन्छ।

रामबाबु गुरुङको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ, विजय र बुद्धिसहित विपिन कार्की, रिश्मा गुरुङ, सिर्जना गुरुङ, पुष्कर गुरुङ, कविता आले, अरुणा कार्की, शिशिर बाङ्देल, माओत्से गुरुङ, कमलमणि नेपाल, प्रमिला राईलगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा रामबाबु गुरुङ, मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ निर्मातामा छन् ।

# 'बसन्ती'बाट फिल्ममा डेब्यू गर्दै खेम, टेरियासँग बाँधियो जोडी

काठमाण्डु । 'गोर्खा पल्टन' र 'परदेशी'का निर्देशक नारायण रायमाझी तीन वर्षपछि फिल्म निर्देशनमा फर्किने भएका छन् । उनको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'बसन्ती'को शुक्रबार ललितपुरको कार्यविनायक मन्दिरमा शुभ मुहूर्त गर्दै निर्माण घोषणा गरिएको छ । असोज ३ गते शनिबारबाट छायांकन सुरु हुने फिल्मलाई निर्देशक रायमाझी स्वयंले निर्माण गर्नेछन् ।

काठमाडौं, पाल्पा, जनकपुर र बुटवलसँगै भारतका विभिन्न स्थानमा छायांकन हुने फिल्ममा खेम सेन्चुरी र टेरिया फौजा मगरको मुख्य भूमिका रहनेछ । संगीतकार तथा गायक खेमले यही फिल्मबाट डेब्यू गर्न लागेका हुन् । टेरियाको भने यो दोस्रो फिल्म हुनेछ । उनले यसै वर्ष प्रदर्शन भएको फिल्म 'मितज्यू'बाट अभिनेत्रीको रूपमा डेब्यू गरेकी हुन् ।




रिमा फिल्म्सको प्रस्तुतिमा निर्माण हुने फिल्ममा सुशील पोखरेल, तारा शर्मा, संगीता थापा, सुजन सिंह खड्का, आकाश सुहाङ, प्रशंसा सिवाकोटी, विकास राना, मनोज खड्का, बिजया पौडेल, हरि अधिकारीलगायत कलाकारहरूको पनि अभिनय रहनेछ । फिल्मको कथा लोक गायक तथा गीतकार रमेश बिजीले लेखेका हुन् । उनले यसअघि 'परदेशी'का दुई श्रृंखला लेखेका थिए ।

शिव ढकालको छायांकन रहने फिल्ममा बीबी अनुरागी र नारायण रायमाझीको संगीत, रमेश बिजी, लालगोपाल सुवेदी, बीबी अनुरागी र नारायण रायमाझीको शब्द, नहकुल खड्काको सम्पादन, दिनेश विष्टको भिएफएक्स तथा रोशन विश्वकर्मा र रविता मगरको कोरियोग्राफी रहनेछ। फिल्मले गाउँकी एक युवतीको अभिनेत्री बन्ने सपनाको कथा पेस गर्ने जनाइएको छ।

# टंकले 'छोरा होइन' भनेपछि अशोकको जवाफ– 'कर्म दिने बुवा हुनुहुन्छ'

काठमाण्डु । बुधबार ललितपुरको लबिम मलमा फिल्म 'झिँगेदाउ २'को प्रिमियर आयोजना गरिएको थियो । तर, प्रिमियरभन्दा बढी चर्चा त्यहाँ पुगेका संगीतकार तथा निर्देशक टंक बुढाथोकीको अभिव्यक्तिको भयो । लामो समय आफ्नो संरक्षणमा रहेका बाल गायक अशोक दर्जीबारे उनले गरेको टिप्पणीले यतिबेला मिडियादेखि सामाजिक सञ्जालसम्म तातेको छ।



अशोकलाई सडकबाट उठाएर हिरो बनाएकोदेखि अशोक आफ्नो छोरा नभएकोसम्म अभिव्यक्ति दिएका टंकको सामाजिक सञ्जालमा व्यापक आलोचना हुन थालेपछि अशोकले यसबारे आफ्नो धारणा राखेका छन् । उनले बिहीबार फेसबुकमा एक पोस्ट गर्दै टंकको भनाइलाई सञ्चारमाध्यम र सामाजिक सञ्जालमा अतिरञ्जित ढंगले प्रस्तुत गरिएकोमा असन्तुष्टि व्यक्त गरेका छन् ।

उनले यस विषयलाई लिएर टंक र आफूलाई गाली नगर्न आग्रह गर्दै फेसबुकमा लेखेका छन्, 'उहाँ मेरो जन्म दिने बुवा नभए पनि कर्म दिने बुवा हुनुहुन्छ। आफ्ना सन्तानलाई केही भन्न उहाँलाई छुट छ। त्यसैले उहाँ भिडियोमा आएर बोल्नुभएको विषयलाई लिएर उहाँलाई नराम्रो नबनाइदिनुहोस् र मलाई पनि गाली नगर्नुहोस्, प्लिज।'

उनले टंकलाई आफू अभिनीत फिल्म 'पार्वती' हेरेर प्रतिक्रिया दिन आग्रह समेत गरेका छन्। उनले अगाडि लेखेका छन्, 'तपाईंले 'पार्वती' हेर्नुभएको छ कि छैन ? हेर्नुभएको छैन भने एकपटक हेरेर मेरो र नीता दिदीको काम कस्तो लाग्यो मलाई भन्नुहोला है ।

तपाईं त मेरो भगवान् र गुरुजस्तै हुनुहुन्छ । मलाई यति भन्ने अधिकार तपाईंलाई छ दाइ। आई लभ यू टंक दाइ।'

अशोक लामो समयदेखि टंकको संरक्षणमा काठमाडौंमा बस्दै आएका थिए । उनले कक्षा ८ सम्मको अध्ययन काठमाडौंमै गरे। यही क्रममा टंकले अशोकलाई मुख्य भूमिकामा लिएर फिल्म 'मन बिनाको मन' निर्माण गरेका थिए।

यही फिल्मपछि उनीहरूको सम्बन्ध बिग्रिएको बताइन्छ । विगत एक वर्षदेखि अशोक झापास्थित आफ्नो घरमा बस्दै आएका छन्।

# 'बाः एक योद्धा'को ट्रेलरमा सन्तानको इच्छा र बाबुको संघर्ष

काठमाण्डु । असोज ९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बाः एक योद्धा'को दोस्रो ट्रेलर सार्वजनिक गरिएको छ। तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्व प्रस्ट पारेको छ । अभिनेता दिव्य देवलाई केन्द्रमा राखिएको ट्रेलरमा छोराछोरीका लागि बाबुले गर्ने संघर्ष र बुढेसकालमा सन्तानकै कारण खेप्नुपरेको दुःखलाई मर्मस्पर्शी ढंगले देखाइएको छ।



आफ्नै परिवारको समस्या छोराबुहारीले नबुझ्दा बुवाआमाले भोग्नुपर्ने पीडा र जटिलतालाई समेटिएको ट्रेलरमा छोराभन्दा छोरीले अभिभावकको समस्या बढी बुझ्छन् भन्ने देखाउन खोजिएको छ । सन्तान महत्वाकांक्षी र स्वार्थी हुँदा त्यसले परिवारलाई कसरी आर्थिक संकटमा धकेल्छ भन्ने विषयलाई फिल्मले मुख्य कथावस्तु बनाएको ट्रेलरबाट प्रस्ट हुन्छ।

संगीतकार हरि लम्सालको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा दिव्यदेवसहित झरना थापा, सुहाना थापा, सागर खनाल, सुप्रज्ञा शर्मा, शिशिर सिवाकोटी, शवि थापा, माओत्से गुरुङलगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । आर्टिस्टिक इन्टरटेनमेन्टको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता वसन्त लम्साल हुन् । लम्सालले यसअघि फिल्म 'कर्मा' बनाएका थिए।

अनिल बुढाथोकी कार्यकारी निर्माता रहेको फिल्ममा कृष्ण काफ्ले सह-निर्मातामा छन् । फिल्ममा शिवराम श्रेष्ठको छायाकंन, मित्र डी गुरुङको सम्पादन, हरि लम्सालको संगीत, रोमन बज्राचार्यको पार्श्व संगीत तथा सुरेन राईको नृत्य निर्देशन रहेको छ। फिल्मको बुटवल, धरान, दाङलगायतका सहरमा प्रिमियर भइसकेको छ, जहाँ फिल्मले उत्साहजनक प्रतिक्रिया पाएको छ।

# आन्तरिक रोजगारीमा सबल बन्न सके मुलुक आत्मनिर्भर बन्छ : मन्त्री यादव

सप्तरी । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले वैदेशिक रोजगारी र आन्तरिक रोजगारीलाई सँगसँगै लैजानुपर्ने आवश्यकता औँल्याउनुभएको छ। श्रम तथा रोजगार कार्यालय मधेस प्रदेशले रूपनी गाउँपालिका-५ स्थित रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा आज आयोजना गरेको निर्माण उद्योगमा काम गर्ने श्रमिकहरूको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी एकदिने सचेतनामुलक कार्यक्रममा उहाँले आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो।

"आन्तरिक रोजगारीतर्फ सर्वसाधारणलाई आकर्षित गर्न धेरै कामहरू गर्नुपर्नेछ । रोजगारदाता र श्रमिक एक अर्काको पूरक भएकाले यी दुवै पक्षलाई सबल बनाउन आवश्यक छ", मन्त्री यादवले भन्नुभयो, "वैदेशिक रोजगारीसँगै आन्तरिक रोजगारीमा सबल बन्न सके हाम्रो मुलुक सबल र आत्मनिर्भर बन्छ।"



तीन दिनसम्म वैदेशिक रोजगारी सम्बन्धित गुनासा, समस्या सुन्न जिल्ला प्रशासन कार्यालय सप्तरीमा 'हेल्प डेक्स' राखेकाले यससम्बन्धी समस्या त्यहाँ गएर राख्न उहाँले आग्रह गर्नुभयो। मन्त्री यादवले भन्नुभयो, "वैदेशिक रोजगारीमा एजेन्टले गर्दै आएको ठगी न्यूनीकरण भए पनि यसको अन्त्यका लागि वैदेशिक रोजगार सम्बन्धित ऐन संशोधन गरेर 'डिजिटल सिस्टम' बनाउँदै छौँ।"

श्रमिकहरू, स्थानीय बुद्धिजीवी तथा स्थानीय सरोकारवालाहरूको उपस्थित रहेको कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविण, रूपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवलगायत पालिकाका प्रमुखहरू, सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा, सप्तरीका प्रहरी प्रमुख एसपी रूपक खड्कालगायतको उपस्थिति रहेको थियो। रासस

## घटनामा दोषी देखिएकालाई कारबाही हुन्छ: मन्त्री यादव

सप्तरी । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले गजेन्द्रनारायण सिंह अस्पतालको गेटअगाडि सडकको पेटीमा शिशुलाई जन्म दिनुभएकी बबिता पासवानको घर पुगेर आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ।

शुक्रवार गृहजिल्ला राजविराज आउनुभएका मन्त्री यादवलेराजविराजनगरपालिका-१४ पर्साहीस्थित पासवानको घर पुगेर अस्पतालमा भएको घटनाबारे जानकारी लिनुका साथै आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको हो।

उक्त घटनाबारे जानकारी प्राप्त भएलगत्तै दोषी देखिएकामाथि कारबाहीको प्रक्रिया अघि बढिसकेको मन्त्री यादवले बताउनुभयो। गत बुधबार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा ३० वर्षीया बबिता पासवान सुत्केरी हुन अस्पताल पुग्नुभएको थियो।

आवश्यक रकमको जोहो गर्न नसकेपछि बबिताले सडकको पेटीमा छोरालाई जन्म दिनुभएको थियो । उक्त दृश्य सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमबाट सार्वजनिक भएको थियो। रासस

# प्रधानमन्त्रीले जेनजी सांसदहरूलाई भन्नुभयो : नवीन सोचका साथ आफ्नै पुस्ताका लागि काम गर्नुहोस्

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले जेनजी उमेर समूहका सांसदहरूलाई नवीन सोचका साथ आफैँ उदाहरण बनेर आफ्नै पुस्ताका लागि स्वदेशमै रोजगारी सिर्जना गरेर काम आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित अन्तरक्रियामा प्रधानमन्त्री शाहले जनजीविकाका आधारभूत समस्या समाधानसँगै त्योभन्दा अझ अगाडि बढेर आफ्नो पुस्तालाई आत्मनिर्भर बनाउन अग्रसर हुन आह्वान गर्नुभयो।



यसका लागि उहाँले स्थलगत अध्ययन तथा अनुसन्धान गर्ने, सूचना-प्रविधिको उच्चतम प्रयोग गर्ने, समस्या समाधानमुखी व्यवहार अपनाउने र पुराना तथा अव्यवहारिक सोच त्याग्न सुझाव दिनुभयो।

साथै, राजनीतिलाई पेसा नबनाइ आम्दानीको छुट्टै व्यावसायिक आधार खडा गर्दै दीर्घकालीनरूपमा आत्मनिर्भर र प्रेरणाको स्रोत बन्नसमेत आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "राजनीतिलाई कमाउने माध्यम बनाउनुहुँदैन, त्यसैले सांसदहरू अरु नै व्यवसाय गरेर आत्मनिर्भर बन्नुपर्छ, सांसदको भूमिका सकिएपछि तपाईंहरूलाई अब आम्दानीको बाटो केही पनि छैन भनेर चिन्ता गर्न नपरोस, त्यसका लागि अहिलेदेखि नै छुट्टै व्यवसाय पनि सुरु गर्नुहोस्।"

अन्तरक्रियामा सहभागी जेनजी उमेरका सांसदहरूले प्रधानमन्त्री शाहको यो आग्रहलाई अभिभावकीय मार्गदर्शनका रूपमा लिँदै आफ्नै पुस्तालाई आत्मनिर्भर बनाउन र स्वदेशमै अवसर सिर्जना गर्ने कार्यमा जुट्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

उहाँहरूले जेनजी आन्दोलनका सहिद र घाइते, जेनजी आन्दोलनका क्रममा पक्राउ परेका व्यक्ति, कानुन निर्माण, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, सूचना तथा प्रविधिका साथै आफ्ना निर्वाचन क्षेत्र केन्द्रित मुद्दाहरू प्रधानमन्त्रीसमक्ष राख्नुभएको थियो।

अन्तरक्रियामा सांसदहरू बब्लु गुप्ता, खिमा विक, पुष्पाकुमारी चौधरी, श्रद्धा कुँवर क्षेत्री, स्मृति सेञ्चुरी, शिव शङ्कर यादव, केपी खनाल, मनिष खनाल, पुरुषोत्तम शुप्रभात यादव, सुलभ खरेल र प्रशान्त उप्रेती सहभागी हुनुहुन्थ्यो। रासस

# आइभिएफ र सरोगेसीलाई स्पष्ट कानुनी दायरामा ल्याउन विधेयक ल्याइने

काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सहायक प्रजनन प्रविधि (एआरटी) तथा सरोगेसीसम्बन्धी विषयलाई स्पष्ट र प्रभावकारी रूपमा नियमन गर्न आवश्यक कानुनी व्यवस्था गरिने बताउनुभएको छ।




राष्ट्रियसभाको बैठकमा सहायक प्रजनन प्रविधिको प्रयोग नियमन गर्न कानुन निर्माणका सम्बन्धमा प्रस्तुत सङ्कल्प प्रस्तावमाथि जवाफ दिँदै उहाँले निःसन्तान व्यवस्थापन, अन्तर्गर्भाशयी शुक्रकिट प्रविष्टि (आइयुआई), इनभिट्रो फर्टिलाइजेसन (आइभीएफ) तथा सहायक प्रजनन प्रविधिसम्बन्धी सेवा विस्तार, गुणस्तर, पहुँच, नियमन र व्यवस्थापन महत्त्वपूर्ण तथा संवेदनशील विषय भएको बताउनुभयो।

"नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको हक तथा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गरेको उल्लेख गर्दै नागरिकको प्रजनन स्वास्थ्य अधिकारको संरक्षण, सुरक्षित तथा गुणस्तरीय स्वास्थ्य सेवा र सेवामा समान पहुँच सुनिश्चित गर्नु सरकारको दायित्व हो", मन्त्री मेहताले भन्नुभयो, "जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले आइभीएफलाई विशेषज्ञ सेवाका रूपमा समावेश गरेको र निःसन्तान व्यवस्थापन सेवाका लागि सरकारले नीतिगत तथा संस्थागत व्यवस्था गर्दै आएको छ, सरकारले 'निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२' तयार गरी लागू गरेको छ।"

उक्त मापदण्डले निःसन्तानपनको स्क्रिनिङ, निदान, रोकथाम, परामर्श तथा प्रेषणदेखि औषधि तथा हर्मोनल उपचार, आवश्यक शल्यक्रिया र मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाबाट आइयुआई तथा आइभीएफलगायत सेवा सञ्चालन गर्ने आधार तयार गरेको उहाँको भनाइ छ।

मन्त्री मेहताका अनुसार आइयुआई सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थामा प्रसूति तथा स्त्रीरोग सेवा, एन्ड्रोलोजी प्रयोगशाला, कोल्ड चेन, फार्मेसी, आवश्यक स्तरको प्रयोगशाला, आकस्मिक उपचार सेवा तथा दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने प्रावधान गरिएको छ।

उहाँले आइभीएफलाई कुनै पनि अवस्थामा पहिलो विकल्पका रूपमा लिन नहुने बताउनुभयो । द चिकित्सकीय आवश्यकता, निःसन्तानपनको कारण र सम्बन्धित विज्ञको परामर्शका आधारमा अन्य उपचार तथा विकल्पबाट समाधान सम्भव नभएको अवस्थामा मात्र आइभीएफ आवश्यक हुनसक्ने उहाँको भनाइ छ।

मन्त्री मेहताले हाल नेपालमा आइभीएफ तथा सरोगेसीसम्बन्धी केही कानुनी तथा नीतिगत आधार भए पनि आधुनिक सहायक प्रजनन प्रविधिका सबै पक्षलाई स्पष्ट, समग्र र प्रभावकारी रूपमा सम्बोधन गर्ने छुट्टै कानुनी संरचना आवश्यक रहेको बताउनुभयो।

विशेषगरी सर्वोच्च अदालतका विभिन्न आदेश तथा निर्देशन, विकसित हुँदै गएको चिकित्सा प्रविधि, प्रजनन अधिकार, चिकित्सकीय नैतिकता, सेवाग्राहीको अधिकार तथा प्रजनन सामग्रीको व्यवस्थापन, सेवा प्रदायक संस्थाको नियमन तथा सरोगेसीजस्ता विषयलाई समेटेर विद्यमान कानुनी संरचनालाई थप स्पष्ट र व्यवस्थित बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो।

"आइभीएफ र सरोगेसी फरक प्रकृतिका विषय भएकाले दुवैलाई एउटै ढाँचाबाट नियमन गर्न उपयुक्त नहुने, आवश्यक कानुनी, प्राविधिक, चिकित्सकीय, नैतिक तथा नियामक पक्ष समेटेर आइभीएफ तथा सरोगेसीसम्बन्धी अवधारणापत्र तयार गर्ने प्रक्रिया प्रारम्भ भएका छ", मन्त्री मेहताले भन्नुभयो, "सहायक प्रजनन प्रविधिको दुरूपयोग, अनावश्यक व्यवसायीकरण, अनावश्यक उपचार तथा सेवाग्राहीमाथि पर्न सक्ने आर्थिक र मानसिक भारका साथै चिकित्सकीय तथा नैतिक जोखिमलाई समेत कानुनी व्यवस्थामार्फत सम्बोधन गर्नुपर्ने हुन्छ।"

उहाँले आइभीएफसम्बन्धी आवश्यकता, सम्भावना, सीमितता, जोखिम, खर्च तथा उपचारका वैकल्पिक विधिबारे नागरिकलाई वैज्ञानिक र तथ्यमा आधारित सूचना उपलब्ध गराउनुपर्ने बताउनुभयो । "कुन सेवा कसले, कुन मापदण्डमा र कुन सीमाभित्र सञ्चालन गर्न पाउने भन्ने कुरा कानुनबाटै स्पष्ट गरिनेछ", मन्त्री मेहताले भन्नुभयो।

आगामी दिनमा आइभीएफ सेवा उपलब्ध हुने स्वास्थ्य संस्था, सेवाको मापदण्ड तथा सेवाग्राहीले ध्यान दिनुपर्ने विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो।

मन्त्री मेहताले चालु आर्थिक वर्ष २०८३/८४ भित्र आइभीएफ तथा सरोगेसीसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्न आवश्यक विधेयक सङ्घीय संसद्मा पेस गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँका अनुसार यसका लागि आवश्यक अवधारणापत्र तयार भई राय-सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ भने मस्यौदा तर्जुमाको प्रक्रियासमेत प्रारम्भ भइसकेको छ।

मन्त्री मेहताले सहायक प्रजनन प्रविधिको सुरक्षित र वैज्ञानिक प्रयोग सुनिश्चित गर्ने, सेवाको गुणस्तर कायम गर्ने, दुरूपयोग रोक्ने तथा आइभीएफ र सरोगेसीलाई स्पष्ट कानुनी दायरामा ल्याउने उद्देश्यले आवश्यक विधेयक यही आर्थिक वर्षभित्र सङ्घीय संसद्समक्ष पेस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस

# हिमाली सभ्यतामाथि नै खतरा छ भनेर विश्वलाई बुझाउँछौँ: परराष्ट्रमन्त्री

काठमाण्डु। परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको सभ्यतामाथि नै खतरा रहेको तथ्य संयुक्त राष्ट्रसङ्घमार्फत विश्व समुदायलाई जानकारी गराउने बताउनुभएको छ।



शुक्रबार साँझ परराष्ट्र मन्त्रालयमा पत्रकारहरूसँग अनौपचारिक अन्तर्क्रियाका क्रममा उहाँले भन्नुभयो, "जलवायु परिवर्तनबाट नेपाल र हामीजस्ता हिमाली देशहरू जोखिममा छन्। भोटेकोशीमा आएको हिमाली सुनामीबाट यो प्रमाणित भएको छ। यो तथ्यलाई हामी राष्ट्रसङ्घको आगामी महासभामा उठाउँछौँ।"

मन्त्री खनालले भोटेकोशी बाढीको प्रकृति जलवायु परिवर्तनको असरबाहेक अरु केही हुन नसक्ने भन्दै यस प्रकारका प्रलयबाट नेपालमात्र नभई सिङ्गो हिमाली सभ्यता नै खतराको सूचीमा रहेको प्रामाणिक आधार महासभामा प्रस्तुत गरिने बताउनुभयो।

उहाँले भन्नुभयो, "आगामी महासभामा हाम्रो प्रमुख एजेण्डा नै जलवायु न्याय हो। हामी जलवायु परिवर्तनका कारण पीडित छौँ भन्ने वैज्ञानिक एवं प्रामाणिक तथ्यसहित प्रस्तुत हुन्छौँ र यही वास्तविकता विश्व समुदायसमक्ष राख्नेछौँ।"

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालका तर्फबाट महासभालाई सम्बोधन गर्नुहुनेछ । नेपाललाई नखाएको विष कसरी लागिरहेको छ र हामी दिनप्रतिदिन जलवायु परिवर्तनको सिकार के-कसरी भइरहेका छौँ भन्ने तथ्य उहाँले प्रस्तुत गर्ने जानकारी पनि मन्त्री खनालले दिनुभयो।

नेपालले विगत लामो समयदेखि राष्ट्रसङ्घसहित विभिन्न अन्तरराष्ट्रिय मञ्चहरूमा नेपाल जलवायु न्यायको भागिदार रहेको दलिल पेस गर्दै आएको उल्लेख गर्दै मन्त्री खनालले आगामी दिनमा जलवायु कूटनीतिका माध्यमबाट यसलाई संस्थागत गर्ने र नेपालभित्र पनि अन्तरसरकारी संयन्त्रमार्फत जलवायु कूटनीतिको क्षेत्रलाई बलियो बनाइने उल्लेख गर्नुभयो।

मन्त्री खनालले जलवायु परिवर्तनको असरबाट जोखिममा परेका साना तथा टापु एवं पहाडी राष्ट्रहरूको साझा गठबन्धन बनाएर त्यसको नेतृत्व गर्दै नेपालले जलवायु कूटनीतिको वकालत गर्ने स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "पहिले-पहिले साना, टापु तथा पहाडी राष्ट्रहरु जलवायु परिवर्तनबाट समुद्री देशहरूमात्र प्रभावित हुन्छन् भन्ने सोचमा थिए। तर अहिले जलवायु परिवर्तनको असर केवल समुद्री सतह बढ्नेमात्र नभएर हामीजस्ता देशमा नै बढी देखिएकाले यस प्रकारको गठबन्धनका साथ अगुवाइ एवं कूटनीतिक पहल गर्न जरुरी देखिएको छ।"

आफू महासभामा सहभागी हुने क्रममा कैयौँ 'साइडलाइन' भेटघाटमा व्यस्त रहने र त्यस क्रममा भोटेकोशी बाढीका कारण भएको क्षतिका बारेमा जानकारी गराएर सहयोग र पुनर्निर्माणका लागि आग्रह गर्ने जानकारी मन्त्री खनालले दिनुभयो।

नेपालजस्ता देशले अब ऋणको बोझ धेरै बोक्न नसक्ने स्पष्ट गर्दै विश्व समुदायसमक्ष सहयोगका लागि अपिल गर्ने उहाँको भनाइ थियो।

त्यस क्रममा परराष्ट्र सचिव अमृतबहादुर राईले नेपालले यसपटक जलवायु न्यायका पक्षमा विश्व समुदायसमक्ष वकालत गर्ने जानकारी दिनुभयो । सो सम्बन्धमा नेपालले एक अलग्गै उच्चस्तरीय कार्यक्रमको आयोजना गरेको जानकारी दिनुभयो।

परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जलवायु परिवर्तनको जोखिम दिनप्रतिदिन बढ्दै गएकाले नेपालले जलवायु कूटनीतिलाई कूटनीतिको नयाँ आयामका रूपमा विश्वव्यापी रूपमा विस्तार गर्दै लैजाने बताउनुभयो।

राष्ट्रसङ्घको आसन्न ८१औँ महासभाका लागि प्रधानमन्त्री शाह यही सेप्टेम्बर २२ मा न्युयोर्क प्रस्थान गर्ने र २४ मा महासभालाई सम्बोधन गर्नुहुने कार्यक्रम छ। उहाँ २६ सेप्टेम्बरमा स्वदेश फर्कनुहुनेछ।

त्यसैगरी, परराष्ट्रमन्त्री खनाल यही सेप्टेम्बर २० मा न्युयोर्क प्रस्थान गर्ने र ३० मा स्वदेश फर्कनुहुने कार्यक्रम छ। रासस

# मन्त्रिपरिषद् बैठक: तेह्र मुलुकका लागि राजदूत सिफारिस

काठमाण्डु । सरकारले छिमेकी दुईसहित १३ मुलुकका लागि राजदूत नियुक्त गर्न सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न मुलुकका लागि राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद्समक्ष लेखी पठाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।



सरकारले भारतका लागि नेपाली राजदूतमा डा निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा र संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ्ग थापालाई राजदूतका लागि सिफारिस गरेको छ।

त्यस्तै, बेलायतका लागि गौरव शमशेर जङ्गबहादुर राणा, जर्मनीका लागि शरू जोशी, इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन र जापानका लागि जिज्ञानकुमार थापा सिफारिस हुनुभएको छ।

ओमानका लागि डा पद्माक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, गणतन्त्र कोरियाका लागि प्राडा सङ्गम श्रेष्ठ, श्रीलङ्काका लागि डा मञ्चला झा तथा साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई राजदूतमा सिफारिस गरिएको मन्त्री पोखरेलले बताउनुभयो।

यसैगरी, मन्त्रिपरिषद् बैठकले सहसचिव रुद्रसिंह तामाङलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ। बैठकले नेपाल विद्युत् प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा काठमाडौँका दीर्घायुकुमार श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको छ।

सरकारले नेपाल नागरिकता (पाँचौँ संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ । साविकमा कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत रहेको नेपाल मौसम विज्ञान विभागलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहने गरी नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ संशोधन गर्ने निर्णय पनि बैठकले गरेको छ। रासस

# उद्योग समितिद्वारा खानी अनुमति प्रक्रियाका रोकिएका फाइल पेश गर्न निर्देशन

काठमाण्डु । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले खानी अनुमति प्रक्रियामा भएको ढिलाइ फाइलको वास्तविक संख्या, रोकिएको अवधि र अघि बढ्न नसक्नुको कारणसहितको तथ्याङ्क समितिमा पेस गर्न खानी तथा भूगर्भ विभागलाई निर्देशन दिएको छ।

समितिको शुक्रबारको बैठकमा खानी तथा खनिज पदार्थ विधेयक, २०८३ माथि सैद्धान्तिक छलफलपछि समितिका सभापति अन्सारीले अन्वेषणपछि उत्खननमा जान नसकेका, उत्खननको अनुमति लिएर पनि उत्पादन गर्न नसकेका तथा खोजतलास र उत्खननका लागि आवेदन दिएका फाइलको अवस्थाबारे स्पष्ट विवरण उपलब्ध गराउन दिर्नेशन दिनुभयो।




उहाँले खोजतलासका लागि अनुमतिपत्र प्राप्त गर्न ४५० र उत्खनन प्रक्रियाका १६६ को अवस्थाबारे जानकारी माग गर्दै समस्याका समाधानसमेत लिएर समितिमा उपस्थित हुन आग्रह गर्नुभयो। विभागको सम्बन्धित महाशाखा तथा शाखामा कार्यरत अधिकारीको सट्_या, प्रत्येक अधिकारीको जिम्मामा रहेका फाइल तथा अघि बढाइएका फाइलको तथ्याङ्बारे चासो प्रकट गर्नुभयो।

सभापति अन्सारीले राज्यले लगानीकर्तालाई सहज वातावरण दिनुपर्ने बताउँदै अनुमति प्रक्रियामा अनावश्यक ढिलाइ हुँदा लगानी निरुत्साहित हुने बताउनुभयो। "विभागले कागज चिन्ने हो कि व्यक्ति ? व्यक्ति चिन्ने होइन, लगानीकर्ता को हो भन्ने होइन, लगानीकर्तालाई हतोत्साहित गर्ने काम हुनु हुँदैन", उहाँले भन्नुभयो। उहाँले अहिले देखिएका समस्यालाई सम्बोधन गर्दै विधेयकलाई परिणाममुखी ढङ्गले अघि बढाउनुपर्ने र छिट्टै उत्कृष्ट ऐन ल्याउने उद्देश्यका साथ छलफल गर्नुपर्नेमा जोड दिनुभयो। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले अनुमति तथा स्वीकृति प्रक्रियालाई अनलाइन प्रणालीमा आबद्ध गरी सम्बन्धित निकायलाई समयसीमा तोक्ने र तोकिएको समयमा स्वीकृति नभए स्वतः स्वीकृत हुने व्यवस्था गर्न सकिने विषयमा छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले स्वीकृति प्रक्रियामा हुने ढिलाइले परियोजनामा ठूलो आर्थिक क्षति हुने उल्लेख गर्दै त्यसमाथिको छलफललाई परिणाममा पुर्याउनुपर्ने बताउनुभयो।

खानी तथा भूगर्भ विभागका महानिर्देशक दिनेशकुमार नापितले समितिका सदस्यहरूको जिज्ञासामा ढुङ्गा, खोला तथा नदीजन्य गिट्टी खानी ऐनअन्तर्गत नपर्ने र त्यसको क्षेत्राधिकार विभागको नरहेको स्पष्ट पार्नुभयो। उहाँले ढुङ्गागिट्टी व्यवस्थापनका लागि छुट्टै ऐन र संस्थागत संरचना आवश्यक रहेको बताउनुभयो। महानिर्देशक नापितले विभागको जनशक्ति कटौतीबारे उल्लेख गर्दै खानी क्षेत्रको अनुगमन र व्यवस्थापनमा स्थानीय तहको सहयोग आवश्यक रहेको बताउनुभयो।रासस

# उच्च मुद्रास्फीतिको सामना गर्न जापानमा ब्याजदर ३१ वर्ष यताको उच्च बिन्दुमा



एएफपी

टोकियो । जापानको केन्द्रीय बैङ्कले शुक्रबार ब्याजदरलाई ३० वर्षभन्दा बढीको उच्च बिन्दुमा पुऱ्याएको छ र ऊर्जा मूल्य बढ्दा तथा येन कमजोर हुँदा मुद्रास्फीति नियन्त्रण गर्न थप वृद्धि गर्ने बताएको छ।

बजारले अपेक्षा गरे अनुरूप नै बैङ्कले २५ आधार बिन्दुको वृद्धि गरेर १.२५ प्रतिशत पुऱ्याइएको हो ।

युरोपेली केन्द्रीय बैङ्क र अमेरिकी फेडेरल रिजर्भको हालैको कडा नीतिपछि यो निर्णय भएको हो । तर निर्णय एकमत थिएन । निर्णयलाई ७-२ बहुमतले पारित गरिएको हो ।

मध्यपूर्व सङ्कटका कारण तेल मूल्यमा आएको उछालले मुद्रास्फीतिमाथि निरन्तर दबाब दिने अपेक्षाका कारण अधिकारीहरूमाथिको ब्याजदर वृद्धि गर्नुपर्ने बाध्यता आएको हो । यो छिट्टै अन्त्य हुने छाँट देखिँदैन दबाब निरन्तर बढेको छ ।

"अन्तरनिहित सीपीआई मुद्रास्फीति दुई प्रतिशत नजिक आइरहेको र वित्तीय अवस्था सहज भएकाले बैङ्कले नीतिगत ब्याजदर बढाउन जारी राख्नेछ," बैङ्क अफ जापानले आफ्नो वेबसाइटमा भनेको छ।

केन्द्रीय बैङ्करहरू येनको गतिविधिको निगरानी गरिरहेका छन्। येन जुलाईमा डलरसँग ४० वर्षको न्यूनतम बिन्दुमा झरेको थियो जसले विदेशी मुद्रा बजारमा ऐतिहासिक अमेरिकी-जापानी संयुक्त हस्तक्षेप गराएको थियो।

विशेष गरी जापानको अझै कम ब्याजदर र फेडेरल रिजर्भबीचको ठूलो अन्तरले लगानीकर्ताहरूलाई राम्रो प्रतिफल दिने डलरमा कारोबार हुने सम्पत्तिहरूतर्फ आकर्षित गरेको छ ।

सन् १९९५ पछिको उच्चतम स्तरमा पुऱ्याइएको यो वृद्धि हप्ताैंदेखि सङ्केत गरिएको थियो तर पनि घोषणापछि येन प्रति डलरभन्दा १५७ भन्दा बढी मूल्यले कमजोर देखियो। घोषणाअघि यो करिब १५६.३० थियो ।

"बजारले वृद्धिबीचको दूरी छोट्याउन सक्ने प्रमाण बैङ्कले खोजिरहेको थियो, ती असहमतिहरू महत्वपूर्ण थिए," क्विन्टेक्स इन्टेलका स्टेफन इन्नेसले भन्नुभयो ।

"व्यापारीहरू बैङ्क अहिले छिटो अघि बढ्न सक्ने सङ्केत खोजिरहेका थिए तर दुई सदस्यहरू पहिले नै आजको कदम पनि धेरै चाँडो भएको तर्क गरिरहेका थिए।"

सस्तो येनले आयातित वस्तुको लागत बढाइरहेको छ जसले मुद्रास्फीतिमाथि दबाब दिइरहेको छ।

शुक्रबारका तथ्याङ्कअनुसार अगस्टमा खूद मुद्रास्फीति १.८ प्रतिशतबाट घटेर १.७ प्रतिशतमा झरेको छ तर केन्द्रीय बैङ्कको दुई प्रतिशतको लक्ष्य नजिकै छ ।

आन्तरिक मामिला मन्त्रालयको यो अध्ययनले अस्थिर ताजा खाद्य मूल्यहरूलाई समेटेको पाइदैन किनकि यी अपरिवर्तित रहने पूर्वानुमानभन्दा कम थिए ।

पेट्रोल र विद्युत् शुल्कमा सरकारी सहयोगले मुद्रास्फीतिको गति सुस्त बनाउन योगदान पुऱ्याएको तथ्याङ्कले देखाएको छ ।

स्रोतका लागि गरिब जापानका लागि यो राहत धेरै छोटो हुन सक्छ किनकि मध्यपूर्व सङ्कटका कारण हालका हप्ताहरूमा ऊर्जा र ग्यास मूल्यहरू आकाशिएका छन्।

"अगस्टमा मुद्रास्फीतिमा थोरै परिवर्तन आयो तर उच्च ऊर्जा लागतमा प्रभाव पारिरहेको सङ्केत बढ्दै गएका छन् र हामी यसलाई छिट्टै बैङ्कको दुई प्रतिशत लक्ष्यभन्दा माथि पुग्ने अपेक्षा गर्छौं," क्यापिटल इकोनोमिक्सका मार्सेल थिलियन्टले भन्नुभयो ।

सरकारले घरपरिवारको क्रयशक्तिमा मुद्रास्फीतिको प्रभाव कम गर्न प्रयास गरिरहेको छ । विशेष गरी, ठूलो प्रोत्साहन प्याकेज, ऊर्जामा व्यापक कर छुट र उपभोग समर्थनका लागि वसन्तमा अपनाइएका उपायहरू अर्थात् सन् २०२५ को अन्त्यमा अपनाइएको नीतिका साथ टोकियोले यस हप्ता खाद्य उत्पादनहरूमा उपभोग कर दुई वर्षका लागि आठ प्रतिशतबाट एक प्रतिशतमा घटाउने ठूलो निर्णय पनि गरेको छ सन् २०२७ अप्रिलदेखि लागू हुनेछ ।

# अभिषेकको कीर्तिमानी शतकमा भारतको क्लिन स्वीप



एजेन्सी - अभिषेक शर्माको कीर्तिमानी शतकप्रेरित भारतले अफगानिस्तानविरुद्धको ३ खेलको टि ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा क्लिन स्वीप गरेको छ।

दिल्लीमा बिहीबार भएको तेस्रो तथा अन्तिम खेलमा भारतले अफगानिस्तानलाई १ सय २७ रनले हरायो। भारतले दिएको २ सय २२ रनको लक्ष्य पछ्याएको अफगानिस्तान १५.५ ओभरमा ९४ रनमै अलआउट भयो।

भारतको जितमा अभिषेकले ३४ बलमा ११ छक्का र ९ चौकासहित १ सय ८ रनको विस्फोटक इनिङ खेले। उनले केवल ३० बलमा शतक पूरा गर्दै पूर्ण सदस्य राष्ट्रविरुद्ध सबैभन्दा छिटो टि ट्वान्टी आई शतक बनाउने कीर्तिमान कायम गरे। समग्रमा यो टि ट्वान्टी आईको तेस्रो सर्वाधिक छिटो शतक हो।

अभिषेकले ३० बल वा त्यसभन्दा कम तथा ४० बल वा त्यसभन्दा कममा शतक बनाउने खेलाडीको कीर्तिमानमा पनि आफूलाई शीर्ष स्थानमा राखे। उनको १ सय ८ रनमध्ये १ सय ४ रन चौका र छक्काबाटै बनेको थियो॥

भारतले सुरुवाती ६ ओभरमा बिना विकेट १ सय रन जोड्दै टि ट्वान्टी आईमा आफ्नो सर्वाधिक पावरप्ले स्कोर बनाएको थियो। अभिषेकको आक्रामक ब्याटिङसँगै भारतले २० ओभरमा ५ विकेट गुमाएर २ सय २१ रन बनायो।

सञ्जु सामसनले लगातार दोस्रो अर्धशतक पूरा गरे। उनले ३४ बलमा ६ चौका र २ छक्कासहित ६१ रन बनाए।

अभिषेकले १६ बलमै अर्धशतक पूरा गरेका थिए। पाँचौँ ओभरमा मोहम्मद नबीलाई लगातार दुई छक्का प्रहार गर्दै उनले अर्धशतक पूरा गरे। त्यसपछि राशिद खानविरुद्ध पनि आक्रामक देखिएका अभिषेकले नवौँ ओभरमा शतक पूरा गरे।

शतक पूरा गरेपछि उनले मैदानमै ध्यानमा बसेजस्तो पोज दिएका थिए। यो भारतका पूर्व स्टार युवराज सिंहप्रति उनको सम्मानको संकेत थियो।

अभिषेक आउट भएपछि सामसनले आक्रामक ब्याटिङ सम्हाले। तर राशिद खानको बलिङ र अफगानिस्तानका तीव्र गतिका बलरको रिभर्स स्विङका कारण भारतको रन गति अन्तिम चरणमा केही सुस्त भयो।

राशिदले अभिषेकलाई १ सय ८ रनमा आउट गर्नुका साथै तिलक वर्मालाई रनआउट गरे। उनले लामो अफतर्फ उत्कृष्ट क्याच लिँदै सामसनलाई पनि पेभिलियन फर्काए।

अफगानिस्तानको सुरुवात भने केही राम्रो थियो। रहमानुल्लाह गुरबाज र इब्राहिम जादरानले इनिङ अघि बढाउने प्रयास गरे पनि अक्षर पटेलले लगातार विकेट लिएपछि अफगानिस्तान दबाबमा परेको थियो।

अक्षरले गुरबाज र सेदिकुल्लाह अटललाई आउट गरे। उनले सिरिजमा ११ ओभर बलिङ गर्दै ६४ रन खर्चिएर ४ विकेट लिए।

जसप्रित बुमराहले दारविश रसुलीलाई बोल्ड गरे। यश ठाकुरले इब्राहिम जादरानलाई आउट गर्दै सिरिजमा आफ्नो पहिलो विकेट लिए।

नितिश कुमार रेड्डीले एकै ओभरमा ३ विकेट लिएपछि अफगानिस्तानको इनिङ पूर्णरूपमा धराशायी भयो। उनले मोहम्मद नबी र मुजिब उर रहमानलाई बोल्ड गरे भने अजमतुल्लाह ओमरजाईलाई क्याच आउट गराए। रेड्डीले सिरिजमा कुल ६ विकेट लिएर सर्वाधिक विकेट लिने बलर बने।

# रुसी संसदीय निर्वाचनका लागि मतदान सुरु



एएफपी

मस्को । रूसको तीन दिने निर्वाचनको सुरुवातका रूपमा सुदूर पूर्वी क्षेत्रमा हुने संसदीय निर्वाचनका लागि मतदान शुक्रबार बिहानै सुरू भएको छ ।

युक्रेनसँगको युद्धको पाँचौं वर्षमा यो चुनाव भइरहेको छ । सन् २०२२ फेब्रुअरीमा मस्कोले युक्रेनमा सेना पठाएपछि भइरहेको यो रुसको पहिलो संसदीय चुनाव हो ।

निर्वाचन पूर्ण नियन्त्रित भएको अवस्थामा राष्ट्रपति भ्लादिमिर पुटिनको दलको विजय लगभग निश्चित देखिएको बताइएको छ ।

यस द्वन्द्वमा सयौं हजार मानिसहरूको मृत्यु भएको छ । पुटिन र क्रेमलिनको लामो सैन्य अभियानलाई समर्थन गर्ने दलहरू मात्र दर्ता भएका छन् । मस्कोले कब्जा गरेको युक्रेनमा पनि मतदान आयोजना गरेको छ । रुसमा थोरै मानिसहरूले मात्र पुटिनको युनाइटेड रसिया पार्टी फेरि सहजै विजयी हुनेमा शङ्का गर्छन्। तर यो चुनाव क्रेमलिनका लागि युक्रेन युद्धप्रति जनसमर्थन नाप्ने अवसर हो।

यस वर्ष युद्धका प्रभावहरू पहिलेभन्दा बढी घरेलु रूपमा महसुस भएका छन् ।

लडाइँको गम्भीर स्मरणका रूपमा मस्कोका मेयर सेर्गेई सोब्यानिनले शुक्रबार भन्नुभएको छ, "रुसले राजधानीतर्फ आउने दर्जनौं युक्रेनी ड्रोनहरू नष्ट गरेको छ। युक्रेनको स्थानीय समयअनुसार सेप्टेम्बरको १७ साँझ ८ बजेदेखि १८ सेप्टेम्बरको बिहान ७ बजेसम्म मस्को क्षेत्रतर्फ ३५० भन्दा बढी ड्रोन उडेका थिए," उहाँले टेलिग्राममा लेख्नुभएको छ ।

आक्रमणका लागि पठाइएका ती अधिकांश ड्रोनहरू बाहिरी रक्षा परिधिमा नष्ट भए र केही ६४ वटा शहर नजिक आइपुग्दा केही निष्कृय गरिएको थियो ।

ड्यूमा अर्थात् रुसको तल्लो सदनका ४५० सिटका लागि नयाँ जनादेश लिन भएको मतदान आइतबारसम्म चल्नेछ ।

नेता पुटिनले सन् १९९९ को नयाँ वर्षको पूर्वसन्ध्यादेखि रुसमा शासन गरिरहनुभएको छ र उहाँको युनाइटेड रसिया पार्टीले सन् २००० को दशकको सुरुदेखि रुसी राजनीतिमा प्रभुत्व जमाएको छ । मस्कोले युक्रेन अभियानको आलोचनामाथि प्रतिबन्ध लगाएको छ र क्रेमलिनद्वारा कडा नियन्त्रित रुसी चुनावले थोरै आश्चर्य ल्याउँछ भन्ने विश्लेषकहरूको बुझाइ रहेको छ ।

'पुटिनका लागि भावनात्मक रूपमा महत्वपूर्ण' मानिने युनाइटेड रसियाले पुटिनका अधिकांश नीति र युक्रेन युद्धलाई समर्थन गर्ने दलहरू रसियन कम्युनिस्ट पार्टी, राष्ट्रवादी एलडीपीआर, अ जस्ट रसिया र न्यू पिपलसँग मात्र प्रतिस्पर्धा गर्दैछ । यसका प्रमुख व्यक्ति लेभ श्लोस्बर्गलाई युद्धको आलोचना गरेको आरोपमा जेल हालिएको छ ।

# बोलिभियामा नयाँ जङ्गली बिरालो



एएफपी

ला पाज । वैज्ञानिकहरूले एक शताब्दीभन्दा बढी समयपछि पहिलोपटक नयाँ जङ्गली बिरालोको प्रजाति पहिचान गरेका छन् । राजधानी ला पाज नजिकैको पहाडी युङ्गास क्षेत्रमा भेटिएको उक्त बिरालोलाई स्थानीय नाम 'टिल्कायो' का आधारमा 'लियोपार्डस टिल्कायो' नाम दिइएको छ ।

वन्यजन्तु अनुसन्धानकर्ता तथा नेसनल जियोग्राफिककी अन्वेषक पाओला नोगालेस-अस्कारुन्जले बोलिभियन एन्डिजका स्थानीयले लामो समयदेखि उक्त जनावर देखे पनि सामान्य घरपालुवा बिरालो ठान्ने गरेको बताउनुभयो । अनुसन्धान टोलीले सन् २०२१ देखि गरेको अध्ययन र आनुवंशिक परीक्षणपछि यसलाई नयाँ प्रजातिका रूपमा पहिचान गरेको हो ।

उहाँका अनुसार सन् १९२३ मा उरुग्वेको पम्पास बिरालो पहिचान भएपछि एक सय वर्षभन्दा बढी समयपछि नयाँ जङ्गली बिरालोको प्रजाति वर्णन गरिएको हो । टिल्कायो घरेलु बिरालोभन्दा केही सानो, करिब ४५ सेन्टिमिटर लामो, गोलाकार कान र चितुवाजस्तो थोप्ला परेको भुत्ला भएको जनावर हो ।

अहिलेसम्म दुईवटा टिल्कायो मात्र फेला परेका छन् र दुवैको पूर्ण जिनोम अनुक्रमण गरी आनुवंशिक परीक्षण गरिएको छ । एउटा भाले युङ्गासको पशु आश्रयमा राखिएको छ भने आक्रमणपछि उद्धार गरिएको पोथीलाई पुनः जङ्गलमा छाडिएको छ ।

अनुसन्धानको निष्कर्ष बिहीबार 'करेन्ट बायोलोजी' जर्नलमा प्रकाशित भएको हो । टिल्कायो अहिलेसम्म बोलिभियामा मात्र भेटिएको र सङ्ख्या निकै कम भएकाले लोप हुने उच्च जोखिममा रहेको नोगालेस-अस्कारुन्जले बताउनुभयो ।

# ट्रम्प प्योङ्याङसँग वार्ताको पक्षमा

एएफपी

सियोल । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प स्पष्ट रूपमा उत्तर कोरियासँग वार्ता गर्न चाहनुभएको बताउँदै प्योङ्याङ र वासिङ्टनबीच संवाद गराउन सियोलले सहजीकरणको प्रयास जारी राख्ने बताउनुभएको छ ।

राष्ट्रपति लीले शुक्रबार ट्रम्प उत्तर कोरियाली नेता किम जोङ-उनसँग संवाद गर्न इच्छुक रहेको स्पष्ट देखिएको बताउनुभयो । उहाँले आफूले पनि राष्ट्रपति ट्रम्पलाई वार्तामा सहभागी हुन आग्रह गरिरहेको जानकारी दिनुभयो । ट्रम्पले यस वर्षको अन्त्यसम्म किमसँग भेट गर्ने योजना रहेको बताउँदै पहिलो कार्यकालमा स्थापित सम्बन्धलाई पुनः सक्रिय बनाउन खोजिरहनुभएको छ ।

ट्रम्पले उत्तर कोरियासँग ५७ वटा 'अत्यन्त शक्तिशाली' आणविक हतियार रहेको दाबी गर्नुभएको छ भने सियोलको अनुमानमा त्यहाँ ८० देखि १२० वटा आणविक हतियार छन् । रुसबाट पछिल्ला वर्षमा महत्त्वपूर्ण सहयोग प्राप्त गरिरहेको उत्तर कोरियाले भने ट्रम्पको प्रस्तावप्रति हालसम्म स्पष्ट प्रतिक्रिया दिएको छैन ।

राष्ट्रपति लीले वार्ताको सम्भावना कठिन भए पनि असम्भव नभएको बताउँदै त्यसलाई वास्तविकतामा परिणत गर्न सबै सम्भव प्रयास गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । दक्षिण कोरिया र अमेरिकाले गत महिना वार्षिक उल्ची फ्रिडम सिल्ड सैन्य अभ्यासको छोटो संस्करण आयोजना गरेका थिए ।

यसैबीच, राष्ट्रपति लीले इरान युद्धमा दक्षिण कोरियाले कुनै सैन्य हस्तक्षेप नगर्ने स्पष्ट पार्नुभएको छ । हर्मुज जलघाँटीमा सम्भावित तैनाथीबारे चर्चा भइरहे पनि आफ्ना व्यापारिक जहाज र तेल आपूर्ति मार्गको सुरक्षाका लागि आवश्यक न्यूनतम गतिविधि मात्र गरिने उहाँले बताउनुभयो ।

"हामीले गैर-संलग्नता र गैर-हस्तक्षेपको सिद्धान्तलाई समर्थन गर्दै आएका छौं र त्यसलाई निरन्तर अघि बढाउनेछौं", उहाँले भन्नुभयो ।

अमेरिकाले दक्षिण कोरियामा करिब २८ हजार ५०० सैनिक तैनाथ गरेको छ ।

# भारत-भुटान ऊर्जा सहकार्य विस्तार



एएनआई

नयाँदिल्ली ।भारत र भुटानले ऊर्जा परियोजनाका लागि चार हजार करोड भारतीय रुपैयाँको ऋण सुविधा (लाइन अफ क्रेडिट) सम्झौताको स्वागत गर्दै द्विपक्षीय ऊर्जा सहकार्यलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

भारतका विदेशमन्त्री एस जयशङ्करको सेप्टेम्बर १६ देखि १८ सम्मको भुटान भ्रमणका क्रममा दुवै देशले द्विपक्षीय सहयोग तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा छलफल गरेका थिए । दुवै पक्षले भारत-भुटान ऊर्जा साझेदारीमा भएको प्रगतिप्रति सन्तुष्टि व्यक्त गर्दै एक हजार २० मेगावाटको पुनात्साङ्छु-२ जलविद्युत् आयोजना उद्घाटन र एक हजार २०० मेगावाटको पुनात्साङ्छु-१ आयोजनाको बाँध निर्माण पुनः सुरु भएको विषयलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गरेका छन् ।

भुटानका विभिन्न जलविद्युत् आयोजनामा भारतीय कम्पनीको सक्रिय सहभागिताको पनि स्वागत गरिएको छ ।

भ्रमणका क्रममा मोङ्गरमा ६५ शय्याको मातृ तथा बाल अस्पताल, सामद्रुप जोङ्खर-त्राशिगाङ राजमार्गको जगन्नाथन पुल र ५०० किलोवाटको लुनाना जलविद्युत् आयोजनालगायत विकास परियोजनाको उद्घाटन गरिएको थियो ।

जयशङ्करले भुटानको विकास लक्ष्य र प्राथमिकतामा भारतको निरन्तर सहयोग रहने प्रतिबद्धता दोहोऱ्याउनुभयो । दुवै पक्षले गेलेफु माइन्डफुलनेस सिटी, व्यापार तथा पारवहन, सीमापार सम्पर्क, डिजिटल भुक्तानी र अन्तरिक्ष सहकार्यबारे पनि छलफल गरेका छन् ।

भारतले गेलेफुमा आवागमन सहज बनाउन असमको हातिसरमा अध्यागमन जाँच चौकी स्थापना गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ । गेलेफु-कोक्राझार र समत्से-बनारहाट सीमापार रेलमार्गमा भएको प्रगतिका साथै भुटानी नागरिकलाई भारतमा युपीआईमार्फत डिजिटल भुक्तानी गर्न सकिने सुविधाको पनि स्वागत गरिएको छ ।

शिक्षातर्फ भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को छात्रवृत्तिअन्तर्गत भुटानी विद्यार्थीको सङ्ख्या ३० बाट ६० तथा नालन्दा विश्वविद्यालय छात्रवृत्तिको सिट ३० बाट ५५ पुऱ्याउने निर्णय गरिएको छ । भ्रमणका क्रममा जयशङ्करले भुटानका विदेश मामिला तथा विदेश व्यापारमन्त्री डीएन धुङ्ग्याललाई भारत भ्रमणको निमन्त्रणा पनि दिनुभएको छ ।

# मलेसियाका पूर्वप्रधानमन्त्री नाजिबलाई नजरबन्दका लागि अनुमति



एएफपी

क्वालालम्पुर । मलेसियाको रणनीतिक विकास कम्पनी वन-एमडीबी भ्रष्टाचार काण्डमा संलग्न भएका कारण जेल परेका मलेसियाका पूर्व नेता नाजिब रजाकलाई एक करोड १२ लाख डलर जरिवाना तिरी घरमा नै नजरबन्दमा बस्न अनुमति दिइएको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

राजा सुल्तान इब्राहिमले नाजिबलाई 'सशर्त माफी' दिनुभएको छ । माफीको आदेशपछि उहाँलाई 'सन् २०२८ अगस्ट २३ सम्मका लागि तोकिएको बाँकी सजाय घरमै नजरबन्दमा बिताउन' अनुमति दिन्छ, प्रधानमन्त्री अन्वर इब्राहिमको कार्यालयका वकिलहरूले भनेका छन्।

यो सशर्त माफी 'पाँच करोड मलेसियाली रिङ्गित (एक करोड २० लाख ३० हजार डलर) जरिवाना भुक्तानीको शर्तमा' दिइएको छ, वकीलहरूद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

गत वर्षको अन्त्यतिर एक मलेसियाली न्यायाधीशले सार्वभौम सम्पत्ति कोषको इतिहासकै सबैभन्दा ठूलो लुटपाट काण्डमा संलग्न नाजिबलाई बाँकी समय घरमै बिताउन दिने मूल अनुरोधलाई अस्वीकार गर्नुभएको थियो । 'एसआरसी इन्टरनेसनल एसडीएन भिएच' नामक पूर्व वन-मलेसिया डेभलपमेन्ट बेरहाड (वन-एमडीबी) सहायक कम्पनीबाट ठूलो रकम निकालिएको भन्दै नाजिबलाई सन् २०२० जुलाईमा पहिलो मुद्दामा १२ वर्षको जेल सजाय सुनाइएको थियो । वन-मलेसिया डेभलपमेन्ट बेरहाड (वन-एमडीबी) पछि सजाय माफी गर्ने अख्तियार प्राप्त माफी समितिले सजाय आधा गरेको थियो र जरिवाना पाँच करोड रिङ्गितमा घटाएको थियो ।

यो मुद्दा अनुसार उहाँको सजाय सन् २०२८ अगस्टसम्म पूरा हुने तालिका छ ।

नाजिबको डिसेम्बरको निवेदनअनुसार घरमै नजरबन्दको अनुरोध अस्वीकार भएको केही दिनपछि उहाँलाई वन-एमडीबी घोटाला काण्डसँग जोडिएको अर्को मुद्दामा थप १५ वर्ष जेल सजाय सुनाइएको थियो ।

अहिले निष्क्रिय वन-एमडीबीबाट एक दशकअघि अर्बौं रकम लुटपाटमा उनको भूमिकाका लागि उनलाई ११.४ अर्ब रिङ्गित जरिवाना पनि तोकिएको थियो।

उनी हाल १५ वर्षको सजायविरुद्ध अपील गरिरहेका छन् जुन ६ वर्षको सजाय पूरा भएपछि मात्र सुरु हुनेछ ।

# शव व्यवस्थापन गरिएको स्थानमा स्मृति उद्यान बनाइने



नारायणगढ । गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा ज्यान गुमाएका नागरिकको शव व्यवस्थापन गरिएको भरतपुर-देवघाटस्थित स्थानमा स्मृति उद्यान निर्माण गरिने भएको छ।

भरतपुरमा शुक्रबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष गणेश अर्यालले शव व्यवस्थापन गरिएको भरतपुर-देवघाटमा स्मृति उद्यान निर्माण गर्ने विषयमा छलफल गरिनुका साथै त्यसका लागि सल्लाहकार समिति, निर्माण समिति र स्रोत व्यवस्थापन समिति बनाएर स्मृति उद्यान निर्माणको कार्य अघि बढाउने बताउनुभयो।

सो अवसरमा बाढीपछि जिल्लामा भएको खोज, उद्धार तथा शव व्यवस्थापनका गतिविधिको समीक्षा गरिएको थियो । चितवनमा सञ्चालन गरिएको खोज, उद्धार तथा शव सङ्कलन र व्यवस्थापन कार्यमा योगदान पुर्‍याउने व्यक्ति तथा संस्थालाई कदरपत्र समेत प्रदान गरिएको थियो।

प्रजिअ अर्यालले भोटेकोशी बाढीपछि जिल्लामा हालसम्म ३६४ शव फेला परेको जानकारी दिनुभयो । तीमध्ये ३५१ शव जमिनमुनि व्यवस्थापन गरिएको जानकारी दिनुभयो । हालसम्म १२ शव आफन्तले बुझेर लगेका र एउटा शव अस्पतालमा रहेको उहाँले बताउनुभयो। बाढीमा परेर मरेका पशुको व्यवस्थापन भरतपुर महानगरपालिकाले गरेको प्रजिअ अर्यालले जानकारी दिनुभयो । चितवनमा स्थायी ठेगाना भएका १५ जनाका परिवारजनले बाढीमा हराएका भन्दै नाम टिपाएको उहाँले बताउनुभयो।

प्रजिअ अर्यालले भन्नुभयो, "पवित्रस्थल देवघाटमा हामीले शवको व्यवस्थापन गरेका छौँ। सो स्थानमा उद्यान बनाउँदा उनीहरुका आफन्तजन आएर मन बुझाउन, बहलाउन सकिन्छ भनेर उद्यान बनाउने योजना बनाएका हौँ।"

यसबाट भावी पुस्तालाई इतिहास दर्शाउन महत्त्वपूर्ण टेवा पुग्ने र भविष्यमा आवश्यक पर्दा अन्तर्राष्ट्रिय समुदायसँग क्षतिपूर्ति माग गर्ने तथा न्याय खोज्ने प्रयोजनका लागिसमेत प्रमाणका रूपमा रहने भएकाले उद्यान बनाउने सोच आएको उहाँले बताउनुभयो।

सो अवसरमा स्मृति उद्यानको डिजाइनसमेत प्रस्तुत गरिएको थियो। सघन सहरी विकास आयोजना चितवनका इञ्जिनियर दीपज्योति श्रेष्ठले स्मृति उद्यानको थ्रीडी डिजाइन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नारायणप्रसाद अधिकारीले अभिभावकत्व ग्रहण गर्नुभएको थियो।

भोटेकोशी घटना र चितवनमा गरिएको शव व्यवस्थापनका बारेमा नेपाली सेनाका तर्फबाट नयाँ सबुजदल गण भरतपुरका प्रमुख सेनानी सुदीप तामाङ, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेल र सशस्त्र प्रहरी बल आँपटारीका प्रमुख धनबहादुर बानियाँले समीक्षा गर्नुभएको थियो । जिल्लाका विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिलगायतको सहभागिता रहेको थियो । रासस

# कृषि तथा पशुपन्छी बिमामा ८० प्रतिशतसम्म प्रिमियम अनुदान



काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले विपद्‌बाट कृषि क्षेत्रमा हुने क्षति न्यूनीकरण तथा कृषकलाई राहत उपलब्ध गराउन सङ्घ, प्रदेश र स्थानीय तहबाट आवश्यक व्यवस्था हुँदै आएको बताउनुभएको छ।

शुक्रबार राष्ट्रियसभाको बैठकमा उहाँले सबै किसिमका विपद् व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भएको बताउँदै प्रदेश तथा स्थानीय तहमा समेत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको व्यवस्था रहेको जानकारी दिनुभयो।

मन्त्री चौधरीका अनुसार प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयले कृषि क्षेत्रमा भएको क्षतिको व्यवस्थापनका लागि आवश्यक कार्यविधि निर्माण गरी बजेट व्यवस्थापन तथा राहत वितरण गर्दै आएका छन्।

"सङ्घीय कृषि, वन तथा पर्यावरणसम्बद्ध क्षेत्रमा हुने क्षतिको राहत व्यवस्थापनका सम्बन्धमा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार सम्बन्धित प्रदेशबाटै राहत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो, "ठूला विपद्‌का कारण प्रदेशमा स्रोतको अभाव भएमा सङ्घीय मन्त्रालयबाट थप सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । कृषकले काबुबाहिरको परिस्थितिका कारण व्यहोर्नुपर्ने आगलागी, हुरीबतास, जङ्गली जनावर, बाढी, खडेरी तथा असिनालगायतका जोखिम न्यूनीकरण गर्न सरकारले बाली, पशुपन्छी तथा मत्स्य बिमाको व्यवस्था गरी प्रिमियममा अनुदान दिँदै आएको छ।"

उहाँले अनुसार आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यअनुसार कृषि तथा पशु बिमाको प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था रहेको बताउँदै अन्य अनुदानलाई भने क्रमशः घटाउँदै लैजाने नीति लिइएको जानकारी दिनुभयो।

मन्त्री चौधरीले कृषि, पशुपन्छी तथा जडीबुटी बिमा कार्यक्रमअन्तर्गत बिमित कृषकले व्यहोर्नुपर्ने क्षतिको दाबी रकम समयमै उपलब्ध गराउने उद्देश्यले बजेट व्यवस्थापन गरिएको बताउनुभयो।

सङ्घीय सरकारबाट सञ्चालन हुँदै आएको बिमा कार्यक्रम प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयमार्फत सञ्चालन हुनेगरी सङ्घीय सशर्त अनुदानका रूपमा बजेट व्यवस्था गरिएको उहाँको भनाइ छ।

मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार 'कृषि, पशुपन्छी तथा जडीबुटी बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८०' स्वीकृत गरी भदौ १ गतेदेखि लागू गरिएको उहाँले जानकारी दिनुभयो । उक्त कार्यविधिअनुसार बिमा प्रिमियममा अधिकतम ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने व्यवस्था रहेको उहाँले बताउनुभयो।

मन्त्री चौधरीले बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन कृषि तथा पशुपन्छी बिमाको रियल टाइममा आधारित कृषि तथा पशुपन्छी बिमा प्रणाली सफ्टवेयरसमेत सञ्चालनमा रहेको जानकारी दिनुभयो। रासस

## संविधान दिवसमा नेपाल टेलिकमको विशेष 'डाटा अफर'

काठमाण्डु। नेपाल टेलिकमले 'संविधान दिवस २०८३' को अवसरमा प्रिपेड तथा पोस्टपेड मोबाइल ग्राहकका लागि विशेष डाटा अफर ल्याएको छ। कम्पनीले संविधान दिवसको अवसरमा 'अनलिमिटेड लाइट' र 'अनलिमिटेड प्रो' गरी दुई प्रकारका डाटा प्याकेज उपलब्ध गराउने प्रेस विज्ञप्तिमार्फत जनाएको छ।

कम्पनीका अनुसार रु ४९९ (करसहित) मा उपलब्ध 'अनलिमिटेड लाइट ४९९' प्याकेजअन्तर्गत ग्राहकले ३० दिनसम्म दैनिक पाँच जिबी डाटा प्रयोग गर्न सक्नेछन्। दैनिक पाँच जिबीको सीमा पूरा भएपछि पनि बाँकी समय दुई एमबीपीएसको गतिमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिनेछ।

त्यसैगरी, बढी डाटा प्रयोग गर्ने ग्राहकका लागि रु ६९९ (करसहित) मा 'अनलिमिटेड प्रो ६९९' प्याकेज उपलब्ध गराइएको छ। यस प्याकेजमा ३० दिनसम्म दैनिक १० जिबी डाटा प्रयोग गर्न सकिनेछ। दैनिक १० जिबीको सीमा पूरा भएपछि बाँकी समय तीन एमबीपीएसको गतिमा अनलिमिटेड डाटा प्रयोग गर्न सकिने नेपाल टेलिकमले जनाएको छ।

पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि भने रेन्टल शुल्कसमेत प्याकेजमै समावेश गरिएको कम्पनीले जनाएको छ। नेपाल टेलिकमका अनुसार संविधान दिवस अफर असोज २ गतेदेखि असोज ४ गतेसम्म तीन दिन मात्र उपलब्ध हुने टेलिकमले जनाएको छ। रासस

# विदेशको मोह त्यागेर कृषिमा रमाएको चन्द्रवंशी परिवार

सुनसरी । बराहक्षेत्र नगरपालिका-९ श्रीलङ्का टप्पुका अर्जुन चन्द्रवंशीले आफ्ना चार छोरालाई कृषि पेसा आबद्ध गराउनुभएको छ । करिब दुई दशकदेखि गोलभैँडालगायत तरकारीखेती गर्दै आउनुभएका उहाँले कृषि पेसालाई नै परिवारको मुख्य आम्दानीको स्रोत बनाउनुभएको छ।

उहाँको खेतमा वर्षभरि गोलभैँडा, कोभी, बोडीलगायतका तरकारी उत्पादन हुने गरेको छ । अर्जुनका चार छोरा रामविलास, लक्ष्मण, श्रीराम र जादुलाल चन्द्रवंशी बाबुकै लयमा कृषि पेसामा दत्तचित्त भएर लाग्नुभएको छ। "छोराहरू विदेश जाने भन्थे, मैले नेपालमै रु ५० हजार दिन्छु भनेर विदेश जान दिइनँ । अहिले नेपालमै बसेर सबै छोराले लाखौँ रुपैयाँ कमाउन सक्ने भएका छन्", अर्जुनले भन्नुभयो।

विदेश गएर दुःख गर्नुभन्दा नेपालमै मिहिनेत गरेर राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सोचले चारै जना छोरालाई कृषिमा लगाएको उहाँले बताउनुभयो। पहिला सडक तथा यातायातको सुविधा थिएन। दुईचार कट्ठामा गरिएको खेती टाउकोमा बोकेर बजारसम्म पुर्‍याउनुपर्थ्यो। अहिले बारीमै गाडी लिएर व्यापारी आउँछन्।

चन्द्रवंशी परिवारले हाल पाँच बिघामा गोलभैँडाखेती गर्दै आउनुभएको छ । साथै केही जग्गामा मौसमी तरकारीसमेत लगाउनुभएको छ। गोलभैँडाको मुख्य सिजन कात्तिक मङ्सिरदेखि फागुन-चैतसम्म ५० जनाभन्दा बढी कामदारले अर्जुनको फार्ममा काम गर्ने गरेका छन्। अफसिजनमा पनि २५ जना ज्यालादारी कामदार खेतमा खटिने गरेको अर्जुनले जानकारी दिनुभयो।



गत वर्ष गोलभैँडाको मूल्य राम्रो हुनुका साथै मौसमले समेत साथ दिएकाले रु एक करोडबराबरको कारोबार भएको उहाँले बताउनुभयो । "यस वर्ष कस्तो हुन्छ हेरौँ। मूल्य राम्रो नभए पनि सबै खर्च कटाएर वार्षिक रु ६० लाखसम्म मज्जाले आम्दानी हुन्छ", उहाँले भन्नुभयो।

अर्जुनका छोरा श्रीरामका अनुसार गोलभैँडाको मूल्य बजारको माग र उत्पादनअनुसार फरक हुने गरेको छ । सामान्य अवस्थामा प्रतिकिलो रु ३० देखि ५० तथा कहिलेकाहीँ रु ८० देखि रु ९५ सम्म बिक्री हुने गरेको छ। कहिलेकाहीँ प्रतिकिलो रु पाँचमा पनि बिक्री गर्नुपर्ने अवस्था आउने गरेको उहाँले बताउनुभयो।

"मङ्सिरदेखि वैशाखसम्म गोलभैँडाको मूल्य राम्रो हुने उहाँले बताउनुभयो। राम्रो मूल्य भएको समयमा एकै दिन रु तीन लाख बढीको गोलभैँडा बिक्री हुने गरेको छ", श्रीरामले भन्नुभयो, "बोडी, काँक्रा, कोभीलगायतका मौसमी तरकारी पनि सिजनअनुसार बिक्री हुने गरेको छ।"

अर्जुनका माइला छोरा लक्ष्मण चार वर्ष मलेसियामा बसेर नेपाल फर्किएपछि अहिले बुबालाई खेतीमा सघाइरहनुभएको छ। "विदेशभन्दा नेपालमा कमाइ राम्रो छ। कृषि खेती हाम्रो पुर्ख्यौली पेसा हो। सुरुआती समयमा आलु, कोभीलगायतका तरकारीखेती गर्दै आएका थियौँ। पछिल्लो समय गोलभैँडा खेतीबाट राम्रो आम्दानी हुन थालेपछि यसको क्षेत्र विस्तार गरियो", उहाँले भन्नुभयो।

औपचारिक तालिमभन्दा पनि सामाजिक सञ्जालबाट जानकारी लिएर कृषि गरिरहेको लक्ष्मणले बताउनुभयो। "हामीले सामाजिक सञ्जालमा हेरेर नै व्यावसायिक खेती गरिरहेका छौँ", उहाँको भनाइ छ। करिब १२ बिघा जमिनमध्ये पाँच बिघामा गोलभैँडा तथा अन्य तरकारीखेती गर्दै आएको उहाँले बताउनुभयो। बाँकी जमिनमा मकै तथा धान लगाउने गरिएको छ। "उत्पादित गोलभैँडा बिक्रीका लागि बजारको समस्या छैन । हामीले बजार खोज्दै जानु पर्दैन। व्यापारी आफैँ खेतमा आउँछन्। यहाँबाट खरिद गर्दा बजारको मूल्यभन्दा कममा दिने गरेका छौँ", लक्ष्मणले भन्नुभयो।

धनकुटा, धरान, इटहरी, गाईघाट, राजविराज, झापालगायतका स्थानबाट व्यापारी गोलभैँडा खरिद गर्न खेतमै आउने गरेका छन्। यो खेतीमा लगानी बढिरहेको र दुःख पनि भएको उहाँको भनाइ छ। लगानीअनुसार उत्पादन राम्रो हुने घाटा नहुने उहाँ स्मरण गर्नुहुन्छ।

"अहिले यही खेतीबाट परिवारका सबै सदस्यलाई रोजगारी मिलेको छ भने अरूलाई पनि रोजगारी दिन सकिएको छ", उहाँले भन्नुभयो, बराहक्षेत्र नगरपालिका-६ र ९ स्थित श्रीलङ्का टप्पुमा मात्र करिब तीन सय बिघा क्षेत्रफलमा गोलभैँडाखेती हुने गरेको छ। अधिकांश किसानले गोलभैँडासँगै अन्य मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आएका छन्।

सुनसरीमा हाल आठ हजार १५३ हेक्टर क्षेत्रफलमा तरकारीखेती हुँदै आएको कृषि ज्ञान केन्द्र सुनसरीका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिनुभयो।

बराहक्षेत्र नगरपालिकामा गोलभैँडा, कोभी, बोडीलगायतका तरकारीको उत्पादन राम्रो हुँदै आएकाले यहाँका अधिकांश किसान व्यावसायिक तरकारीखेतीमा लागेको नगरप्रमुख रमेश कार्कीले बताउनुभयो।

श्रीलङ्का टप्पुका ९० प्रतिशत स्थानीय कृषि तथा तरकारी उत्पादनमा केन्द्रित छन् । श्रीलङ्का टप्पु तरकारीखेतीका लागि प्रख्यात क्षेत्र हो । नगरपालिकाले स्थानीय किसानको उत्पादन वृद्धि गर्न प्रोत्साहनस्वरूप मल, बीउलगायत सामग्रीमा अनुदान दिँदै आएको नगरप्रमुख कार्कीले जानकारी दिनुभयो। रासस

# कोशी प्रदेशका २३२ अधुरा योजना सम्पन्न गर्ने व्यवसायीको प्रतिबद्धता

विराटनगर। कोशी प्रदेशमा स्रोत अभावमा वर्षौंदेखि अधुरा र अलपत्र २३२ वटा योजना यसै आर्थिक वर्षभित्र सम्पन्न गरिने प्रतिबद्धता व्यक्त गरिएको छ।

प्रदेश भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्यले म्याद सकिएका तथा बजेट अभावले सम्पन्न नभएका त्यस्ता सडक, पुल तथा भवनलगायतका आयोजनाको म्याद थप र बजेट व्यवस्थापनमा सक्दो सहयोग पुर्‍याउने प्रतिबद्धता जनाउनुभयो।

भौतिक पूर्वाधार विकास मन्त्रालयमा मन्त्री आचार्य र निर्माण व्यवसायी महासङ्घ कोशी प्रदेशको टोलीबीच भएको भएको छलफलपछि यी अधुरा योजना यथाशीघ्र अघि बढाउने सहमति जुटेको छ।

मन्त्री आचार्यले निर्माण व्यवसायीहरूलाई यो अन्तिम मौका भएको स्पष्ट पार्दै चालु आर्थिक वर्षको केही महिनाभित्रै काम सक्ने सर्तमा मात्र म्याद थप गर्न सकिने बताउनुभयो।

उहाँले भन्नुभयो, 'सरकार र निर्माण व्यवसायी एकअर्काका साझेदार हुन् । व्यवसायीहरूले इमानदारिताका साथ तोकिएको केही महिनाभित्रै काम सक्ने प्रतिबद्धता जनाएकाले सरकारले अन्तिम पटक म्याद थप र बजेट व्यवस्थापनमा सहजीकरण गर्नेछ । तर, काममा कुनै पनि बहानामा ढिलासुस्ती सह्य हुने छैन।'



व्यवसायीकातर्फबाट पनि अब ढिलासुस्ती नगरी निर्धारित समयभित्रै गुणस्तरीय काम सम्पन्न गर्ने सामूहिक प्रतिबद्धता जनाउनुभयो।

उहाँहरूले अधुरा रहेका योजना सम्पन्न गर्न अन्तिम पटक मौका दिनुपर्ने माग गर्दै त्यसमा मन्त्री र मन्त्रालयको सहयोग अपेक्षा गरिएको बताउनुभएको थियो।

सरकारको ठूलो बजेट लगानी भइसकेको तर प्राविधिक हिसाबले अगाडि नबढेका त्यस्ता योजनाहरू सम्पन्न गर्ने मन्त्री आचार्यले आफैँले पहल गर्नुभएको हो।

प्रदेश मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ सम्ममा १२१ वटा कालोपत्र गर्नुपर्ने सडक अधुरा थियो । त्यसबाहेक पुल, भवनसमेत थप १११ योजना स्रोत अभावमा त्यस्तै अलपत्र छन् । गत आर्थिक वर्षमा मोरङका ४५, झापाका ४२, सुनसरीका १९, इलामका नौ, खोटाङका तीन, उदयपुरका दुई र धनकुटाको एक सडक योजना स्रोत अभावमा काम अघि बढन सकेका थिएनन।

ती सडक सडक सम्पन्न गर्न मात्रै झण्डै रु ३२ करोड खर्च आवश्यक अनुमान गरिएको छ भने थप १११ योजनाका लागि रु ६० करोड बढी स्रोत व्यवस्थापनको आवश्यकता औँल्याइएको छ।

निर्माण व्यवसायी महासङ्घ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष केशरबहादुर बुढाथोकीले प्रदेशमन्त्री आचार्यको सकारात्मक पहलले आफूहरूलाई नयाँ ऊर्जा दिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "आज छलफलपछि वास्तविक समस्या समाधान हुने र अलपत्र योजनाले पूर्णता पाउने विश्वास पलाएको छ। यसै वर्षभित्र काम सक्न हामी दृढ छौँ।" रासस

# तोकियो विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १५३ रुपैयाँ २० पैसा र बिक्रीदर १५३ रुपैयाँ ८० पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १७५ रुपैयाँ ७९ पैसा र बिक्रीदर १७६ रुपैयाँ ४८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०५ रुपैयाँ २३ पैसा र बिक्रीदर २०६ रुपैयाँ ०४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १८५ रुपैयाँ ४७ पैसा र बिक्रीदर १८६ रुपैयाँ २० पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०८ रुपैयाँ ९३ पैसा र बिक्रीदर १०९ रुपैयाँ ३६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०९ रुपैयाँ ४८ पैसा र बिक्रीदर १०९ रुपैयाँ ९१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १२० रुपैयाँ ०६ पैसा र बिक्रीदर १२० रुपैयाँ ५३ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ८४ पैसा र बिक्रीदर नौ रुपैयाँ ८८ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ८४ पैसा र बिक्रीदर २२ रुपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ७८ पैसा र बिक्रीदर ४० रुपैयाँ ९४ पैसा, कतारी रियाल एकको खरिददर ४२ रुपैयाँ ०३ पैसा र बिक्रीदर ४२ रुपैयाँ १९ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ५९ पैसा र बिक्रीदर चार रुपैयाँ ६१ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ ७१ पैसा र बिक्रीदर ४१ रुपैयाँ ८८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५२ पैसा, साउथ कोरियन वन १०० को खरिददर ११ रुपैयाँ ०५ पैसा र बिक्रीदर ११ रुपैयाँ ०९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ५९ पैसा र बिक्रीदर १५ रुपैयाँ ६६ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ५२ पैसा र बिक्रीदर २३ रुपैयाँ ६१ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ५३ पैसा र बिक्रीदर १९ रुपैयाँ ६० पैसा, कुवेती दिनार एकको खरिददर ४९८ रुपैयाँ ४५ पैसा र बिक्रीदर ५०० रुपैयाँ ४१ पैसा, बहराइन दिनार एकको खरिददर ४०६ रुपैयाँ ३८ पैसा बिक्रीदर ४०७ रुपैयाँ ९७ पैसा, ओमनी रियाल एकको खरिददर ३९७ रुपैयाँ ९२ पैसा र बिक्रीदर ३९९ रुपैयाँ ४८ पैसा रहेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ।

वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ। रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुरधाम उप. महा. न. पा. वडा नं. २३ घर भई धनुषा जिल्ला जनकपुरधाम उप. महा. न.पा. वडा नं. २३ बस्ने श्री चुल्हाई मिश्र को नाती, श्री राम नेवाज मिश्र को छोरा वर्ष ७५ कोश्री महेन्द्र मिश्रको मिति २०८३/०२/२५ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२२९७८ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमती जगतारन देवी मिश्राइन ले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

नेपाल एस बि आई बैंक लि.
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सर्लाही जिल्ला, मलंगवान.पा. वडा नं.०८ घर भई सर्लाही जिल्ला न.पा. वडा नं. ०८ बस्ने श्री शिवशंकर अग्रवाल को नाती, श्री राधेश्याम अग्रवाल को छोरा वर्ष ५४ कोश्री अरुणोदय अग्रवालको मिति २०८१/०५/१४ गते मृत्यु र निजको श्रीमती मीरा देवी अग्रवालको मिति २०८३/०५/३० मृत्य भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४११६५७ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको छोरा वसन्त राज अग्रवालले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भई जाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.

नेपाल एस बि आई बैंक लि.
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१

# धनुषामा अपराधको ग्राफ बढ्दो, १५९ घटना दर्ता




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लामा अपराधको ग्राफ बढ्दै गएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार भदौ महिनामा जिल्लामा १५९ वटा विभिन्न प्रकृतिका अपराधका घटना दर्ता भएका छन् ।

दर्ता भएका घटनामध्ये ज्यानसम्बन्धी १६, चोरीसम्बन्धी २०, आत्महत्यासम्बन्धी १६, संगठित तथा आर्थिक अपराधसम्बन्धी २१, सामाजिक अपराध ३८, महिला तथा बालबालिकासम्बन्धी २३, सवारी ज्यानसम्बन्धी ३ र अन्य प्रकृतिका २२ घटना रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले सार्वजनिक गरेको तथ्यांक अनुसार सो अवधिमा जघन्य तथा गम्भीर प्रकृतिका अपराधतर्फ कर्तव्य ज्यान, हातहतियार, मानव बेचबिखन, बैंकिङ कसुर, जुवातास, ठगी तथा मुद्रासम्बन्धी गरी २१ वटा घटना दर्ता भएका छन् ।

चालु मुद्दाका फरार प्रतिवादी पक्राउ गर्ने अभियान अन्तर्गत भदौ महिनामा धनुषामा १३५ जना प्रतिवादी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सार्वजनिक चासो रहेका पेन्डिङ मुद्दाको अनुसन्धानतर्फ ८२ वटा मुद्दा फछ्र्यौट गरिएको विवरणमा उल्लेख छ।

त्यसैगरी फैसला कार्यान्वयनतर्फ अदालतबाट भएको फैसला कार्यान्वयनका क्रममा ९२ वटा मुद्दा फछ्र्यौट गरिएको छ । यस क्रममा ७२ वर्ष १४७ महिना ४५१ दिन कैद तथा ८८ लाख ७३ हजार २१ रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने फैसला कार्यान्वयन गरिएको प्रहरीले जनाएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी घटनामा भदौ महिनामा ९० वटा उजुरी परेको प्रहरीले जनाएको छ। घरेलु हिंसातर्फ पनि ९० वटा उजुरी परेकोमा ८४ वटा मिलापत्रमार्फत फछ्र्यौट गरिएको छ ।

उपमहानगरपालिकातर्फ ३८, नगरपालिकातर्फ ३८ र गाउँपालिकातर्फ १४ वटा घरेलु हिंसाका उजुरी परेको विवरणमा उल्लेख छ । तीमध्ये क्रमशः ३५, ३७ र १२ वटा उजुरी मिलापत्रबाट टुंग्याइएको प्रहरीले जनाएको छ ।

हराएका महिला, पुरुष तथा बालबालिका र ज्येष्ठ नागरिकको खोजी तथा उद्धारतर्फ पनि प्रहरीले काम गरेको जनाएको छ। भदौमा महिला २२, पुरुष १०, बालक ७, बालिका २३ र ज्येष्ठ नागरिक ९ जना गरी ७१ जना हराएको विवरण दर्ता भएकोमा महिला ४, पुरुष २, बालक ९, बालिका ६२ र ज्येष्ठ नागरिक २४ गरी विभिन्न व्यक्तिहरू फेला परेको विवरण प्रहरीले सार्वजनिक गरेको छ ।

प्रहरी कार्यालयमा प्रत्यक्ष तथा जिल्ला प्रशासन कार्यालयमार्फत आएका ठाडो उजुरीतर्फ भदौ महिनामा ७६७ वटा उजुरी परेको छ । जसमध्ये प्रहरी कार्यालयमा प्रत्यक्ष रूपमा ५२० उजुरी परेकोमा ३५७ वटा फछ्र्यौट भएका छन् भने १६३ वटा बाँकी छन् । जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरी कार्यालयमा आएका २४७ उजुरीमध्ये ११८ वटा फछ्र्यौट भएका छन् भने १२९ वटा फछ्र्यौट हुन बाँकी रहेको छ ।

यस्तै लागूऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले भदौ महिनामा ३३२ किलो ४७० ग्राम गाँजा बरामद गरेको जनाएको छ । त्यस्तै, २२० दशमलव ६ ग्राम ब्राउन सुगर तथा अन्य लागूऔषधसमेत बरामद गरिएको विवरणमा उल्लेख छ ।

सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनतर्फ भदौ महिनामा धनुषामा ७७ वटा सवारी दुर्घटना भएको प्रहरीको तथ्यांक छ । दुर्घटनामा ११५ वटा सवारीसाधन संलग्न रहेको र १४८ जना मानिस घाइते भएको विवरणमा उल्लेख छ । दुर्घटनामा घाइते तथा प्रभावित व्यक्तिको उद्धारमा समेत प्रहरी परिचालन भएको जनाइएको छ ।

ट्राफिक नियम उल्लंघन गर्ने ७६३ वटा सवारीसाधनमाथि कारबाही गरिएको र त्यसबाट ७ लाख ६९ हजार ५०० रुपैयाँ राजस्व संकलन भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनाको प्रमुख कारण चालकको लापरबाही देखिएको छ । उपलब्ध विवरणअनुसार चालकको कारणबाट ६५ र अन्य कारणबाट १२ वटा दुर्घटना भएको उल्लेख छ ।

भदौ महिनामा धनुषामा विभिन्न प्रकृतिका २० वटा विपद्का घटनामा चार जनाको मृत्यु र १३ जना घाइते भएका छन् भने ९ जनालाई प्रहरीले उद्धार गरेको विवरणमा उल्लेख छ। आगलागी, बाढीपहिरो, पानीमा डुब्ने तथा अन्य विपद्का घटनामा प्रहरी टोली परिचालन गरी उद्धार तथा सुरक्षासम्बन्धी काम गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

राजस्व चुहावट तथा भन्सार छली नियन्त्रण अभियानअन्तर्गत प्रहरीले १ लाख १७ हजार १६० रुपैयाँ बराबरको सामान बरामद गरेको छ भने प्राकृतिक सम्पदा दोहन नियन्त्रणतर्फ १५ वटा सवारीसाधन बरामद गरी १ लाख ४ हजार रुपैयाँ जरिवाना असुल गरिएको विवरणमा उल्लेख छ । अवैध मदिरा नियन्त्रणतर्फ प्रहरीले ५२० लिटर मदिरा बरामद गरेको जनाएको छ ।

# राम जानकी मन्दिर संरक्षित क्षेत्र घोषणाको वाछिटा

ब्लग :



श्यामसुन्दर शशि

२०८३ असोज १ गते नेपाल राजपत्र, भाग- ५ मा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको एउटा सूचना प्रकाशित छ। राम जानकी मन्दिर संरक्षित स्मारक क्षेत्रसंग सम्बन्धित यस सूचनापछि जनकपुरवासी औघी उत्साहित छन् । एक थरि संरक्षित स्मारक क्षेत्र घोषणापछि, परिक्रमा क्षेत्र माछा मासु निःषेधित हुने भनि उत्साहित देखिएका छन भने अर्काथरि यस सूचनाको सम्बन्ध माछा मासुसंग सम्बन्धित नभएको भन्दै प्रतिकृया दिन थालेका छन् ।

प्राचीन स्मारक ऐन २०१३ को आरम्भ मै भनिएको छ- 'प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तहुरूको संरक्षणको निमित्त बनेको ऐन । अनि प्रस्तावनामा प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाई समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्व सम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तहुरूको उपलब्धी र संरक्षण समेत गरी शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकोले, यो ऐन बनाई जारी गरिएको छ।

सरसरि हेर्दा जनकपुरवाहेकका स्थानको हकमा यो ऐन प्राचीन मठ मन्दिर र पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण सम्वर्धनबारे मात्र बोलेको छ तर जनकपुरधामको हकमा यस ऐनको साइनो परिक्रमा क्षेत्रभित्र माछा मासुको बिक्री वितरण तथा चौपाया जनावर एवं चरा चुरुङीको मार-काटसंग सीधा सम्बन्ध राख्द छ । यस विषयलाई बुझ्न हामीले जङ्गबहादुर राणाले विसं १९३३ माघ ११ गते जारी गरेको काष्ठपत्र तथा २०६२ साल जेठ २४ गते सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्मा र बलराम केसीको संयुक्त इजलाशको फैसला हेर्नु पर्ने हुन्छ।

### के छ, जङ्गबहादुरको काष्ठपत्रमा ?

विसं १९३३ माघ ११ गते तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले काष्ठपत्र आदेश जारीगरी जनकपुर परिक्रमा क्षेत्रभित्र माछा, मासुको बिक्री वितरणमाथि रोक लगाउनुका साथै चरा-चुरुङीको सिकार तथा खसी, बाख्रा आदिको काटमार (वघ) गर्न निषेध गरेका थिए । चुकि आदेश काठमा कुंदिएको थियो, त्यसैले यसलाई काष्ठपत्र तथा माछा मासु रोक्का गरिएकाले रुक्का पनि भनिएको छ। काष्ठपत्रमा माछा तथा चरा-चुरुङी मार्नेलाई प्रतिगोटा २ नेपाली रुपियाँ तथा जनावर बध गर्नेलाई ५ नेपाली रुपियाँ जरिवाना गर्ने उल्लेख थियो। माछा, चरा वा जनावर मार्नेलाई, मारेको माछा, चरा तथा जनावरसहित पक्राउगरी प्रहरीको जिम्मा लगाउँनेलाई पुरस्कारको तथा देखेर, सुनेर वा बुझेर पनि प्रहरीलाई सूचित नगर्नेमाथि जरिवानाको प्राब्धान थियो। मारिएको माछा, चरा-चुरुङी तथा जनावरसहित प्रहरीलाई जिम्मा लगाउँने सर्वसाधारणलाई असुल उपर गरिएको जरिवानामध्ये एक चौथाई पुरष्कारको रुपमा प्रदान गर्ने तथा प्रहरीलाई सूचना नदिनेसंग उल्लेखित जरिवानाको आधा तिराउँने उल्लेख थियो। काष्ठपत्रमा जनकपुर अन्तरगृह र बाहिर (जानकी मन्दिरलाई केन्द्र मानि वरिपरिका १० मिल भित्र) का पवित्र पोखरीहरुको पानीले खेत सिंचाई गर्न, लुगा धुन, गाई-भैसी नुहाउँन, भाडा-वर्तन धुन, दिसा- पिसाव गर्न र धुन निषेध गरिएको थियो। (श्रोत : द हिष्ट्र अफ जनकपुरधाम, रिचार्ज बर्घाट) पञ्चायतकालसम्म यो परम्परा कमोवेश कायम नै थियो।



खण्ड ७६) संख्या ३४ नेपाल राजपत्र भाग ५ मिति २०८३।०६।०१

भाग ५

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

सूचना

नेपाल सरकार मन्त्रिपरिषद्ले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको चार किल्ला भित्रको क्षेत्रलाई रामजानकी मन्दिर संरक्षित स्मारक क्षेत्र घोषणा गरेकाले यो सूचना प्रकाशन गरिएको छः

पूर्व : जनकपुर भानु चोक, कदम चोक, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय हुँदै दक्षिण दिशातर्फ गएको सडक परिक्रमा पथ।

पश्चिम : भमरपुरा चोक हुँदै पश्चिमतर्फ गएको श्री याज्ञवल्क्य संस्कृत माध्यामिक विद्यालय ज्ञानकूप, हनुमान मन्दिर हुँदै उत्तर दिशातर्फ गएको परिक्रमा पथ।

उत्तर : हनुमान मन्दिर, पिडारी चोक (राजा जनक स्मारक) हुँदै गएको मधेश प्रदेश भवन, मिल्स एरिया, भानु चोकसम्मको परिक्रमा पथको सडक।

दक्षिण : जनकपुरधामको मुरली चोक (विद्यापति स्मारक) हुँदै भमरापुरा चोकसम्म गएको परिक्रमा पथको सडक।

आज्ञाले,
मुकुन्द प्रसाद निरौला
नेपाल सरकारको सचिव ।

३६

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.२५।-
गो.द.न. १६।२०६२।६३

२०५४ सालमा जनकपुर नगरपालिकाका मेयर बजरंगप्रसाद साहको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले परिक्रमा क्षेत्रभित्रका होटल तथा रेष्टुरेन्टहरुमा मद्य-मांस बिक्री वितरणमाथि रोक लगाउँने निर्णय गरेको थियो। निर्णयको विरोधमा होटल व्यावसायीहरु पुनरावेदन अदालत जनकपुरमा रिट निवेदन हालेका थिए । पुनरावेदन अदालत जनकपुरले २०५६ साल पुस २९ गते होटल व्यावसायीहरुको मांग अनुसार निधेषाज्ञा जारी गर्न इंकार गऱ्यो । अर्थात् परिक्रमा क्षेत्रभित्र मद्यमांस बिक्रि वितरणमाथि जनकपुर नगरपालिकाले लगाएको रोकलाई सदर गरि जङ्गबहादुर राणाद्वारा वि.सं. १९३३ माघ ११ मा जारी गरिएको काष्ठपत्र आदेशलाई सम्मान गरेको थियो ।

तर होटल व्यावसायीहरु पुनरावेदन अदालतको फैसला विरुद्ध सर्वोच्च पुगे। सर्वोच्च अदालतका न्यायाधिश अनुपराज शर्मा र बलराम केसीको संयुक्त इजलासले २०६२ साल जेष्ठ २४ गते पुनरावेदन अदालत जनकपुरको फैसला उल्टाई माछा, मासु बिक्री वितरणमाथिको रोक फुकुवा गऱ्यो । सर्वोच्चको आदेशमा भनिएको थियो-'जनकपुरधामको धार्मिक स्वक्षता र पवित्रता कायम राख्ने प्रयोजनको निमित्त होटल रेष्टुरेन्टका व्यावसायिहरुको प्रतिनिधिहरु, प्रत्यक्षी निकाय, अन्य धार्मिक, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, इतिहासविद, स्थानीय प्रतिष्ठित व्यक्तिहरुसंगै अन्य आवश्यक व्यक्तिहरु समेत राखी जनकपुरधामको परिक्रमाक्षेत्र निश्चित गरी सो क्षेत्रभन्दा बाहिर निवेदकहरुले कानून बमोजिम माछा, मासु र मदिरा बिक्रीवितरण गर्न एवं निजहरुको ग्राहक एवं पाहुनाहरुले बाहिरबाट ल्याएको मदिरा सेवन गर्न निजहरुलाई कुनै बाधा अवरोध नगर्नु नगराउनु भनि विपक्षीहरुको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ । निवेदकहरुको निवेदन दाबी समेत खारेज हुने ठहर्छ भनि पुनरावेदन अदालत जनकपुरले २०५६ पुस २ ९ गते मा गरेको आदेश उल्टी हुने ठहर्छ।'

सर्वोच्च अदालतको फैसलामा परिक्रमा क्षेत्रभित्र माछा मासु बिक्री वितरण गर्न छुट दिएको देखिदैन। परिक्रमा क्षेत्रभित्र माछा, चरा-चुरुङ्गी अथवा जनावर बधको विषयमा टिप्पणी गरिएको छैन । फैसलाको आशय जनकपुरधाम उपमहानगर पालिका, परिक्रमा क्षेत्र निर्धारण गरेरमात्र परिक्रमा मार्गभित्र मद्यमांस बिक्रीमाथि रोक लगाओस भन्ने हो। तर सर्वोच्चको फैसला आएको दशकौं बित्ती सक्दापनि जनकपुरधाम उपमहानगर पालिकाले परिक्रमा क्षेत्र निर्धारण गर्न सकेको थिएन् । नेपाल सरकारको २०८३ असोज १ गते नेपाल राजपत्र, भाग- ५ मा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको यस सूचनाबाट जनकपुर परिक्रमा क्षेत्र संरक्षित स्मारक क्षेत्र घोषणा भएको छ । जनकपुरधाम उपमहानगर पालिकासंगै नागरिक समाजले चाहेमा जङ्गबहादुर राणाको काष्ठ पत्रको आदेशलाई कार्यान्वयन गर्न सक्छ।

परिक्रमा क्षेत्रभित्र माछा मासु बिक्री वितरण हुने नहुने विषयमा वहस छलफल गर्न सकिन्छ तर जनकपुरधाम उपमहानगर पालिकामा मेयर मनोज कुमार साह, नगर पालिकाका जनप्रतिनिधिहरु संघीय सांसद मनिष झालगायतका अभियन्ताहरुको अथक प्रयासबाट परिक्रमा मार्गलाई संरक्षित स्मारक क्षेत्र घोषणा हुनु प्रशन्नताको विषय हो । प्राचीन स्मारक भनेको इतिहास, कला, विज्ञान, वास्तकला वा स्थापत्यकलाको दृष्टिकोणले महत्व राख्ने एक सय वर्ष नाघेको मन्दिर, स्मारक, घर, देवालय, शिवालय, मठ, गुम्बा, विहार, स्तूप आदिलाई बुझाउँछ । जनकपुरधामले पहिलो पटक पाएको यस अवसरलाई सदुपयोग गर्न सक्यो भने ५२ कुटी ७२ कुण्डाको यो नगर धार्मिक पर्यटनको केन्द्र बन्ने छ। बधाई जनकपुरधाम।

# खैरो हिरोइनसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर-९ बाट लागुऔषध खैरो हेरोइन सहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा धनुषाको बरियारपट्टि नगरपालिका-२ घर भएका २६ वर्षीय नितिश कुमार महतो र १६ वर्षीय धर्मनाथ साफी रहेको जनाइएको छ।

लागुऔषध नियन्त्रण ब्युरोको शाखा कार्यालय महोत्तरीबाट खटिएको टोलीले शुक्रबार उनीहरूलाई पक्राउ गरेको ब्युरोका डीएसपी जीवन निरौलाले रातोपाटीलाई बताए। आरोपीहरूको साथबाट प्रहरीले २७ ग्राम ९१० मिलिग्राम खैरो हेरोइन बरामद गरेको छ।

उनीहरूलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय यज्ञभूमि, धनुषामा बुझाइएको डीएसपी निरौलाले जानकारी दिए।

# मधेस कृषि विश्वविद्यालयको सातौं विश्वविद्यालय सभा सम्पन्न

**टुडे समाचारदाता**

राजविराज । मधेस कृषि विश्वविद्यालयको विश्वविद्यालय सभाको सातौं बैठक राजविराजस्थित ग्रान्ड आश्रम होटलमा सम्पन्न भएको छ।

मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री तथा विश्वविद्यालयका सहकुलपति माननीय मनोजकुमार सिंहको अध्यक्षतामा सम्पन्न बैठकमा विश्वविद्यालयको नीति, कार्यक्रम, बजेट तथा निर्माणाधीन भौतिक संरचनाका विषयमा विस्तृत छलफल गरिएको छ।




सदस्यहरूबीच विस्तृत छलफल तथा सहजीकरण गरिएको थियो।

बैठकले गत आर्थिक वर्षको भौतिक तथा वित्तीय प्रगति विवरण पारित गर्नुका साथै चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमसमेत पारित गरेको छ। विश्वविद्यालयका विभिन्न गतिविधि तथा आगामी कार्ययोजनाका विषयमा समेत सभामा छलफल भएको थियो।

बैठकमा विश्वविद्यालयको निर्माणाधीन भवनका विषयमा विशेष छलफल गरिएको थियो । बजेट अभावका कारण निर्माण कार्य प्रभावित हुने अवस्था देखिएपछि मन्त्रालयका सचिव डा. सञ्जयकुमार यादव तथा विश्वविद्यालयका सम्मानित सदस्यहरूको उपस्थिति रहेको थियो।

निरीक्षणपछि निर्माणाधीन भवनको कामलाई तीव्रता दिन आवश्यक बजेट व्यवस्थापनका लागि शिक्षा तथा संस्कृति मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने विषयमा समेत पहल गर्ने बताइएको छ । विश्वविद्यालयको भौतिक संरचना निर्माणलाई समयमै सम्पन्न गर्न आवश्यक समन्वय र पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।

बैठकमा विश्वविद्यालयका सभाका सदस्यहरू तथा मधेस कृषि विश्वविद्यालयका उपकुलपति एवं विश्वविद्यालय सभाका सचिव डा. वैद्यनाथ महतोले सभाका अध्यक्षसहित उपस्थित सदस्यहरूलाई स्वागत तथा सम्मान गर्नुभएको थियो। उपकुलपति डा. महतोले विश्वविद्यालयको नीति तथा कार्यक्रम प्रस्तुत गरेको थिए

त्यसैगरी विश्वविद्यालयका रजिस्ट्रार डा. भगवान ठाकुरले गत आर्थिक वर्षको आय-व्यय विवरण तथा चालु आर्थिक वर्षको बजेट र कार्यक्रम सभासमक्ष प्रस्तुत गरेको थियो भने सभामा प्रस्तुत १२ वटा प्रस्तावमाथि निर्माणाधीन भवनको कामलाई गति दिन विशेष पहल गर्ने विषयमा सभामा सहमति भएको जनाइएको छ।

विश्वविद्यालय सभा सम्पन्न भएपछि सहकुलपति तथा शिक्षा तथा संस्कृति मन्त्री माननीय मनोजकुमार सिंहले विश्वविद्यालयको निर्माणाधीन भवनको स्थलगत अवलोकन तथा निरीक्षण गर्नुभएको थियो। निरीक्षणका क्रममा निर्माण कार्यको गति अपेक्षाकृत सुस्त रहेको विषयमा चासो व्यक्त गरिएको थियो।

अवलोकन कार्यक्रममा मधेस प्रदेश सरकारको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंह, भूमि व्यवस्था, कृषि तथा सहकारी

**संविधान दिवस भव्यरुपमा मनाऔं**

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मुल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसंगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्व्यनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८